# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३२३ | काठमाडौं | सोमबार, ०९ चैत २०८२ | Prabhab National Daily | Monday, 23 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## रविलाई उन्मुक्ति दिन महान्यायाधिवक्ता भण्डारीको ६ तर्क

### आरोपपत्र संशोधन गर्नुपर्ने कारण

- पीडितलाई रकम फिर्ता गराउने बाटो खोल्न
- मिलापत्रको कानुनी व्यवस्था कायम राख्न
- रविको सम्पत्ति जफत हुँदा पीडित नै मर्कामा पर्ने हुनाले
- सहकारीको रकम ल्याउन रवि संलग्न नभएको संसदीय समितिको ठहर हुनाले
- पीडित भनिएका नारायणबहादुर पहराईले स्वघोषणा गरेकाले
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३६ को अभियोग संशोधन गर्न मिल्ने हुनाले



■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर अभियोगबाट उन्मुक्ति दिएमात्रै पीडितहरूले न्याय पाउने बाटो खुला हुने महान्यायाधिवक्ता सविता भण्डारीले निष्कर्ष निकालेको पाइएको छ । यी दुवै अभियोग कायम राखिँदा सहकारीपीडितले न्याय पाउने सम्भावना कमजोर हुने उनको तर्क छ ।

सर्वोच्च अदालतमा दायर रिट खनिवेदनको जवाफ दिने क्रममा पेस गरिएको आरोपपत्र संशोधन निर्णयको पूर्णपाठमा उनले यस्तो निष्कर्ष निकाल्दै तर्क गरेको पाइएको हो । उनले कास्की, काठमाडौं, रूपन्देही, पर्सा र चितवन जिल्ला अदालतमा दायर भएका मुद्दाहरूको अध्ययनपछि संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग हटाउने निर्णय गरेको बताएकी छन् । उनका अनुसार ती अभियोग कायम रहँदा सहकारी पीडितहरूले आफ्नो बचत रकम फिर्ता पाउने सम्भावना नै कमजोर हुन्छ ।

माघ २ गतेको निर्णयमा भनिएको छ, 'निक्षेपकर्ताको (पीडित वर्ग) रकम फिर्ता हुने सम्भावनालाई जीवन्त गर्न चाहनेको हकमा मिलापत्र हुन

क्रमशः पृष्ठ २ मा

### जिबीसहितलाई राहत दिने निर्णय

रवि लामिछाने एक्लैलाई दुई गम्भीर मुद्दा सुटुक्क उन्मुक्ति दिन खोजिएको विषय बाहिरिएपछि माघ २ गते महान्यायाधिवक्ता सविता भण्डारीले निर्णय सच्याएकी थिइन् । निर्णय सच्याएको कागजात झिकाउन सर्वोच्च अदालतले बिहीबार आदेश दिइसकेको छ ।

न्यायाधीशहरू शारंगा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले आज (९ चैत)का लागि हेर्न नमिल्नेबाहेकका न्यायाधीशको इजलासमा पेसी तोक्नसमेत आदेश दिएको थियो । एक अनुच्छेदको दोस्रो निर्णयमा भनिएको थियो, 'यसमा मिति २०८२ साल पुस ३० गते निर्णय हुँदा निर्णयको प्रकरण नं. ४ (क) को ११ औं हरफमा उल्लेख भएको सम्पत्ति शुद्धीकरणको अभियोग दाबी भन्ने वाक्यांशको पछि 'निजको हकमा' भन्ने शब्दहरू पर्न गएको देखिँदा उल्लिखित शब्दहरू हटाएको छ ।'

यही दोस्रो निर्णयले रवि लामिछानेबाहेक जिबी राईसहितका सहकारी ठगी मुद्दाका आरोपितहरूकोसमेत संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिने बाटो खुला हुन्छ ।

#### कांग्रेसमा सुरु भयो किचलो

## गगनको राजीनामा अस्वीकृत
## समानान्तर गतिविधिमा देउवा समूह





- गगन नेतृत्वको कांग्रेसले निर्वाचनमा नराम्ररी हार बेहोर्नुको कारण चरम गुटबन्दी र आन्तरिक असहयोग भएको निष्कर्ष
- देउवा समूहको आरोपः विशेष महाधिवेशनको नाममा लहडबाजी हुँदा पार्टीको लज्जास्पद हार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले सभापति पदबाट गगन थापाले दिएको राजीनामा अस्वीकृत गरेको छ । फागुन २१ गते भएको प्रतिनिधि सभामा लज्जास्पद हार बेहोरेसँगै थापाले नैतिकताको आधारमा गत बुधबार उपसभापति विश्वप्रकाश शर्मासमक्ष राजीनामा दिएका थिए । यद्यपि, शुक्रबारबाट सुरु भएको केन्द्रीय समिति बैठकमा शर्माले नै थापाको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस गरेका थिए ।

शर्माको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको कांग्रेस प्रवक्ता देवराज चालिसेले जानकारी दिए । 'सभापति गगनकुमार थापाले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामलाई लिएर त्यसको नैतिक जिम्मेवारी लिँदै उपसभापतिसमक्ष विधानको धारा २६ (१) बमोजिम पेस गर्नुभएको राजीनामालाई केन्द्रीय कार्यसमितिको यस बैठकले सर्वसम्मतरूपमा अस्वीकृत गर्ने निर्णय गरेको छ,' बैठकपछि जारी केन्द्रीय समितिको निर्णयमा भनिएको छ ।

कांग्रेसले थापालाई पूर्ववत् अवस्थामा सभापति पद सम्हाल्न आउनसमेत आग्रह गरेको छ । विशेष महाधिवेशनले सुम्पेको दायित्व पूरा भइनसकेको अवस्थामा पद छाड्न नमिल्नेसमेत निर्णयमा भनिएको छ ।

कांग्रेस केन्द्रीय समितिले थापाको राजीनामा अस्वीकृत गर्नुका आठ आधारसमेत पेस गरेको छ । निर्वाचन पराजयका प्रमुख कारणहरू संरचनागत समस्या तथा नियन्त्रणबाहिरका परिस्थितिहरू रहेको, वर्तमान जटिल राष्ट्रिय परिस्थितिमा सभापति थापाको नेतृत्व अझ आवश्यक रहेको अनुभूति भएको कारण राजीनामा अस्वीकृत गरिएको उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

#### संस्थापनपक्ष

### हारको कारण देउवा समूह

कांग्रेसले निर्वाचनमा नराम्ररी हार बेहोर्नुको कारण आन्तरिक भएको निष्कर्ष निकालेको छ । उपसभापति शर्माले प्रस्तुत गरेको २७ बुँदे प्रारम्भिक समीक्षा प्रतिवेदनमाथि छलफल गर्दै चरम गुटबन्दी र आन्तरिक असहयोगकै कारण पराजित भएको निष्कर्ष निकालेको हो । 'चरम गुटबन्दी तथा आन्तरिक असहयोगका कारण संगठनात्मक शक्ति कमजोर हुनु,' कांग्रेस केन्द्रीय समितिको निर्णयमा भनिएको छ ।

यसअघि कांग्रेसले एमाले-माओवादीसँग पटक-पटक भएको गठबन्धनका कारण संगठन कमजोर भएकोले निर्वाचन परिणाम यस्तो आएको जनाएको थियो ।

क्रमशः पृष्ठ २ मा

#### देउवा समूह

### गगनकै कारण पराजय

नेपाली कांग्रेसमा पूर्वसभापति शेरबहादुर देउवा पक्षले समानान्तर गतिविधि सुरु गरेको छ । आइतबार धुम्बाराहीस्थित होटल स्टारमा निवर्तमान कार्यसम्पादन समितिमा रहेका नेताहरू भेला भएर समानान्तर गतिविधि गर्ने निर्णय गरेका हुन् ।

देउवा नेतृत्वको केन्द्रीय समितिमा प्रचार विभाग प्रमुख रहेका नेता मीन विश्वकर्माका अनुसार बैठकमा २५ जना नेता भेला भएका थिए । 'आइतबार बिहान २५ जना नेता भेला भएर चाँडै केन्द्रीय समिति बैठक बोलाउने निर्णय गरेका छौं,' नेता विश्वकर्माले भने । बैठकमा पूर्वउपसभापति पूर्णबहादुर खड्का र धनराज गुरुङसमेत उपस्थित थिए ।

क्रमशः पृष्ठ २ मा

#### सन्दर्भः वैदेशिक रोजगार

## द्वन्द्वको मारमा वैदेशिक रोजगार, खाडीमा सुरक्षा चुनौती

■ प्रभाव संवाददाता



**काठमाडौं–** मध्यपूर्वमा जारी युद्ध लम्बिँदै जाँदा यसको प्रत्यक्ष असर नेपालको वैदेशिक रोजगारमा देखिएको छ । जारी तनावले खाडी मुलुकमा जाने श्रमिकको प्रक्रिया प्रभावित भएको व्यवसायी बताउँछन् ।

अमेरिका-इजरायल र इरानबीचको युद्ध चौथो सातामा प्रवेश गर्दा तत्काल टुंगिने संकेत देखिएको छैन । यहीबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई ४८ घण्टाभित्र स्ट्रेट अफ होर्मुज खोल्न चेतावनी दिएको छ । ट्रम्पले उक्त अवधिमा पूर्णरूपमा होर्मुज नखोले इरानको ऊर्जा संरचना नष्ट गरिदिने चेतावनी दिएका छन् ।

ट्रम्पको उक्त चेतावनीपछि इरानले कडा जवाफ दिएको छ । उसले यदि अमेरिकाले आफ्नो ऊर्जा संरचनामा आक्रमण गरे भने खाडी क्षेत्रमा अमेरिकाको संलग्नता रहेका सबै उर्जा संरचनाहरूलाई निशाना बनाउने बताएको छ । इरानको यस्तो चेतावनीले खाडी क्षेत्रमा आक्रमण थप बढ्ने देखिएको छ । यसले खाडी क्षेत्रको सुरक्षा चुनौती बढाएको छ । यसबाट त्यस क्षेत्रमा रहेका नेपालीहरू प्रभावित हुने भन्दै सरोकारवालाहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

इजरायल-इरान युद्ध सुरु भएयता नेपालीहरूको प्रमुख रोजगार गन्तव्य अशान्त बनेको छ । यसले वैदेशिक रोजगारीमा जाने प्रक्रिया प्रभावित तुल्याएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जोखिमलाई मध्यनजर गर्दै नयाँ श्रमिक पठाउने प्रक्रिया खुलाएको छैन । यसले दैनिकरूपमा विदेश जाने श्रमिकको संख्या घटाएको छ ।

नेपालबाट दैनिक करिब दुई हजारदेखि २५ सय युवा वैदेशिक रोजगारीमा जाने गरेका थिए । तर पछिल्लो अवस्थामा श्रम स्वीकृति लिनेको संख्यामा उल्लेख्य गिरावट आएको वैदेशिक रोजगार विभागले जनाएको छ । हरेक महिना हजारौं श्रमिक जाने संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरेबिया, कतार, कुवेतलगायतका मुलुकमा श्रमिकहरू जान पाएका छैनन् ।

युद्धको कारण हवाई उडान ठप्प भएकोमा हाल सीमित उडाहरू हुँदै आएका छन् । विकसित घटनाक्रमको असर विदेश जान तयारी गरेका युवाहरूमा परेको छ । वैदेशिक रोजगारीका लागि आवश्यक सबै प्रक्रिया पूरा गरी भिसासमेत लिइसकेका धेरै कामदार अहिले उडानको प्रतीक्षामा छन् ।

चालु आर्थिक वर्षको आठ महिनाको तथ्यांक हेर्दा प्रत्येक दिन औसतमा ७२२ जना पहिलोपटक रोजगारीका लागि खाडीका छ वटा मुलुक गएको पाइन्छ । २० दिनभन्दा लामो समयदेखि युद्ध जारी रहँदा कम्तीमा १५ हजारभन्दा बढी युवा अलपत्र परेको अनुमान छ ।

नेपालबाट वैदेशिक रोजगारीमा जान औसतमा एकदेखि तीन लाख रूपैयाँसम्म खर्च हुने गरेको छ । यस्तो ऋण बैंक तथा सहकारीदेखि उच्च ब्याजदरमा चिनजानको व्यक्तिसँगसमेत लिएको पाइन्छ । उडान अनिश्चित हुँदा उनीहरू ऋणको ब्याज तिर्न बाध्य छन् । महिनौं अगाडि लिएको ऋणको ब्याज बढिरहँदा यसरी पीडित हुने युवाहरूको संख्या पनि बढ्दै गएको सरोकारवालाहरूको भनाइ छ । युद्धले खाडी क्षेत्रको आर्थिक गतिविधिमा पनि असर पार्न थालेको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

#### पोखरा विमानस्थल भ्रष्टाचार प्रकरण

## तत्कालीन पर्यटनसचिव अधिकारीसहित २१ व्यक्ति र दुई कम्पनीविरुद्ध मुद्दा

■ प्रभाव संवाददाता




क्यानका तीन जना पूर्वमहानिर्देशक सञ्जीव गौतम, राजन पोखरेल र प्रदीप अधिकारीलाई पनि बनाइयो प्रतिवादी, ४६ करोडभन्दा बढी बिगो असुल गर्नुपर्ने अख्तियारको मागदाबी

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको दाबीसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव केदारबहादुर अधिकारीसँगै २१ जना र दुई कम्पनीविरुद्ध मुद्दा चलाएको छ । सार्वजनिक सम्पत्तिमा ठूलो हानि नोक्सानी पुर्‍याएको भन्दै आयोगले आइतबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले तत्कालीन सचिव अधिकारीसँगै नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का तीन जना पूर्वमहानिर्देशकहरू सञ्जीव गौतम, राजन पोखरेल र प्रदीप अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

प्राधिकरणका तत्कालीन उपमहानिर्देशक महेन्द्रसिंह रावल, तत्कालीन निर्देशक स्व. ध्रुवदार भोछिभोया, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशकहरू प्रदीप अधिकारी, बाबुराम पौडेल, आयोजनाका तत्कालीन प्रबन्धक चाँदमाला श्रेष्ठ, तत्कालीन उपनिर्देशक प्रवीण न्यौपाने, विमानस्थलका तत्कालीन आयोजना प्रमुख विनेश मुनकर्मी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन अधिकृत राजाराम चौधरी, तत्कालीन उपप्रबन्धक हिमज्योती थापा, तत्कालीन वरिष्ठ लेखा अधिकृत नरेन्द्रराज सैंजु, तत्कालीन लेखा अधिकृत/उपप्रबन्धक प्रमोद नेपाल र तत्कालीन वरिष्ठ लेखा अधिकृत/उपप्रबन्धक सविन फुयाललाई पनि प्रतिवादी बनाइएको छ ।

यसैगरी ठेकेदार कम्पनी चाइना सिएएमसी इञ्जिनियरिङ कम्पनी लिमिटेड तथा परामर्शदाता इआरएमसी जेभीका प्रतिनिधिलाई पनि प्रतिवादी बनाइएको छ । आयोगले उक्त भ्रष्टाचार प्रकरणमा कूल ४६ करोड १५ लाख रूपैयाँभन्दा बढी बिगो कायम गरेको छ । सो रकममध्ये करिब ४३ करोड ९४ लाख रूपैयाँ असुलउपर गर्न माग गरिएको छ । प्रतिवादीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत मुद्दा दायर गर्दै बिगो बराबर जरिवाना, कैद सजाय तथा हानिनोक्सानी असुलउपरको माग गरिएको आयोगले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## गगनको राजीनामा...

त्यसैगरी राजीनामाले पार्टीभित्र अस्थिरता आउने तर्कसमेत उल्लेख गरिएको छ । 'राजीनामा स्वीकार गर्दा पार्टीभित्र अनावश्यक अस्थिरता, अन्योल तथा कार्यकर्ताको मनोबलमा गिरावट आउने सम्भावना रहेकोले,' निर्णयमा भनिएको छ, 'राजीनामा बाध्यकारी नभई नैतिक र स्वेच्छिक विषय भएकाले यसको सम्मान गर्दै अस्वीकार गर्नु उपयुक्त देखिएकोले ।' पार्टीलाई नियमित महाधिवेशनतर्फ केन्द्रित गर्नुपर्ने भएकाले पनि गगनको राजीनामा अस्वीकृत गर्ने निर्णय भएको चालिसेले उल्लेख गरेका छन् । कांग्रेसले यो निर्वाचनमा प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी जम्मा ३८ सिट जितेको छ ।

■■■

## संस्थापनपक्ष:...

गत भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहका कारण पनि पार्टीको पक्षमा मत नआएको निष्कर्ष कांग्रेसले निकालेको छ । 'चरम गुटबन्दी तथा आन्तरिक असहयोगका कारण संगठनात्मक शक्ति कमजोर हुनु,' कांग्रेसले भनेको छ, 'गठबन्धन सरकारको कार्यसम्पादनमा जनअपेक्षाविपरीत परिणाम देखिनु । जेन-जेड युवा आन्दोलनले पुराना राजनीतिक शक्तिहरूप्रति असन्तोष अभिव्यक्त गर्नु ।'

■■■

## देउवा समूहको...

नेताहरूले खड्कालाई केन्द्रीय समिति बैठक बोलाउने जिम्मेवारी दिएका छन् । गत पुसको अन्तिममा भएको विशेष महाधिवेशनबाट कांग्रेसको नेतृत्व गगन थापाले लिएका थिए । उनको नेतृत्वलाई निर्वाचन आयोगले मान्यता दिएपछि देउवा समूह सर्वोच्च अदालतमा पुगेको थियो । उक्त मुद्दा सर्वोच्चमा विचराधीन अवस्थामा रहेको छ । उक्त मुद्दाको अन्तिम फैसला नआएसम्म देउवा समूहले कुनै गतिविधि नगर्ने बताएको थियो । यद्यपि, थापा नेतृत्वको कांग्रेसले केन्द्रीय समिति बैठक आयोजना गरेसँगै देउवापक्ष यो निर्णयमा पुगेको बताइएको छ ।

उक्त बैठकमा चुनावी समीक्षासमेत भएको थियो । देउवा समूहका नेताहरूले विशेष महाधिवेशनमा थापाले नेतृत्व गरेसँगै कांग्रेस चुनावमा हारेको बताएका थिए । यसका लागि सबै नेता एक ठाउँमा उभिनुपर्ने उनीहरूको सुझाव थियो । 'गगनले आफूलाई सभापति घोषणा गरेर प्रधानमन्त्रीको उम्मेदवार बने । निर्वाचनमा आफ्नै लज्जास्पद हार भएको छ । कांग्रेस पनि हार्नुपरेको छ,' बैठकमा सहभागी एक नेताले भने, 'अब कांग्रेसलाई बचाउनुपर्छ । हामी मिलेर जानुको विकल्प छैन ।'

देउवा पक्षका अर्का नेता श्याम घिमिरेले गगनले हतार गर्दा यो अवस्था आएको बताए । 'विशेष महाधिवेशनको नाममा जे जस्तो भयो, त्यसको परिणाम पनि हामीले भोगिसक्यौं । हामीले चुनावको मुखमा आएर पाँच महिनासम्म पार्टीभित्र झगडा गर्दै रह्यौं विशेष महाधिवेशन कि नियमित महाधिवेशन भनेर,' घिमिरेले भनेका छन्, 'यो झगडाले पार्टीभित्रको समग्र एकतालाई खल्बलायो । र, त्यसको मेसेज पनि जनतामा असाध्यै नराम्रोसँग गयो । त्यो नै निर्वाचनमा पराजयको मुख्य कारण बन्यो ।'

■■■

## रविलाई उन्मुक्ति...

सक्ने सम्भावनालाई जीवित राख्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधनको लागि निवेदन दिनुपर्ने देखिन्छ ।'

संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मिलापत्रको व्यवस्था छैन । सहकारी ठगीमा भने त्यस्तो व्यवस्था छ । तर, लामिछानेलाई उन्मुक्ति दिने जुक्ति निकालेकी महान्यायाधिवक्ता भण्डारीले पीडितहरूलाई कानुनीरूपमा रकम फिर्ता लिन सक्ने बाटो बन्द गर्ने अवस्था सिर्जना भएको उनले तर्क गर्दै दुई गम्भीर मुद्दा फिर्ता लिनेगरी आरोपपत्र संशोधनको निर्णय गरेकी हुन् ।

उनले निर्णय लिँदा भनेकी छन्, 'संगठित अपराध र सम्पत्ति शुद्धीकरण कायम राख्दा मिलापत्रको बाटो बन्द भई पीडितले रकम फिर्ता पाउने सम्भावना दूर हुन्छ ।' सम्पत्ति शुद्धीकरणको अभियोगमा दोषी ठहर भएमा सम्पत्ति जफत हुने व्यवस्था रहेकाले त्यसले पीडितकै निक्षेप जोखिममा पर्ने तर्क पनि महान्यायाधिवक्ता भण्डारीले अघि सारेकी छन् ।

'सम्पत्ति शुद्धीकरणको अभियोगमा जफत हुने सम्पत्तिले निक्षेपकर्ताहरूको रकम नै हराउने अवस्था आउन सक्छ,' उनले रविलाई उन्मुक्ति दिन आरोपपत्र संशोधन गर्ने निर्णय लिँदा उल्लेख गरेकी छन् । उनले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ अनुसार अभियोग संशोधन गर्नुपर्ने निष्कर्ष निकाल्दै ती अभियोग हटाउने स्वीकृति काठमाडौं, कास्की, रूपन्देही र पर्सा अदालतलाई दिएकी थिइन् । उनले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयहरूलाई अदालतमा निवेदन दिई संशोधन प्रक्रिया अघि बढाउन आदेश दिइन् ।

निर्णयको पूर्णपाठमा यो मुद्दाको प्रारम्भिक आधार संसदीय विशेष छानबिन समिति २०८१ को प्रतिवेदन रहेको उल्लेख गरिएको छ । एमालेका तत्कालीन सांसद सूर्यबहादुर थापा सभापति रहेको समितिले बुझाएको प्रतिवेदनमा सहकारीको रकम गोरखा मिडिया प्रालिमा पुगेपछि सञ्चालन प्रक्रियामा लामिछानेको संलग्नता देखिए पनि रकम ल्याउने प्रक्रियामा प्रत्यक्ष प्रमाण नभएको उल्लेख थियो ।

महान्यायाधिवक्ता भण्डारीको निर्णयमा प्रारम्भिक अनुसन्धानमा स्पष्ट सम्बन्ध नदेखिएको विषयमा पछि परेको जाहेरीमार्फत लामिछानेको नाम किटान गरिएको भनिएको छ । 'सुरू अभियोगपत्रमा नउठेको विषयमा संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर थप गरिएको देखिन्छ,' भण्डारीले निर्णयमा भनेकी छन् ।

यसैबीच, रूपन्देहीस्थित सुप्रिम सहकारीका बचतकर्ता नारायणबहादुर पहराईले अदालतमा गरेको स्वघोषणालाई पनि निर्णयमा महत्त्वपूर्ण आधारका रूपमा लिएको पाइएको छ । उनले आफूले लामिछानेसहित अन्य व्यक्तिविरुद्ध उजुरी नदिएको दाबी गर्दै प्रहरीमार्फत पेस गरिएको जाहेरी 'झूटा विवरणसहित तयार गरिएको' बताएका थिए । 'मैले सहकारी संस्थाबाहेकका रवि लामिछानेलगायत कसैलाई किटान गरी उजुरी दिएको छैन,' उनको स्वघोषणामा थियो ।

महान्यायाधिवक्ता भण्डारीले यसलाई मुद्दाको अवस्थालाई प्रभाव पार्ने गम्भीर तथ्य मानेकी छन् । निर्णयमा सहकारी प्रकरणको मुख्य केन्द्र भने पीडित बचतकर्ताको रकम फिर्ता गराउनु रहेको उल्लेख गरिएको छ । 'सहकारी प्रकरणको चुरो कुरा भनेको बचतकर्ताहरूको रकम दुरूपयोग हो,' निर्णयमा भनिएको छ, 'उनीहरूको रकम फिर्ता सुनिश्चित गर्नु राज्यको प्राथमिक कर्तव्य हो ।' पीडितहरूले पनि कसलाई सजाय हुन्छ भन्नेभन्दा आफ्नो बचत रकम फिर्ता हुनुपर्ने माग राखेकाले सोही आधारमा निर्णय गरिएको भण्डारीले बताएकी छन् । यो निर्णय ३० पुसमा गरेकी हुन् ।

■■■

## द्वन्द्वको मारमा...

त्यहाँ मिसाइल आक्रमण, ड्रोन हमला र ऊर्जा पूर्वाधारमा क्षति पुगेका घटना सार्वजनिक भइरहेका छन् । यसले श्रमिकको रोजगारीको स्थायित्वलाई समेत अन्योल बनाएको छ । नेपालको अर्थतन्त्र वैदेशिक रोजगारसँग प्रत्यक्ष जोडिएको छ । कूल ग्रार्हस्थ उत्पादनको करिब ३० प्रतिशत हिस्सा रेमिटचान्सबाट आउने गरेको छ । अघिल्लो आर्थिक वर्षमा १७ खर्ब रूपैयाँभन्दा बढी रेमिटचान्स मुलुक भित्रिएको थियो । लगातार बढ्दै गएको रेमिटचान्समा जारी युद्धले असर पर्ने सम्भावना बढाएको अर्थशास्त्रीहरूको भनाइ छ ।

■■■

## तत्कालीन पर्यटनसचिव...

आयोगले आइतबार जारी गरेको विज्ञप्तिअनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य इपिसी मोडेलमा अघि बढाइएको भए पनि सोही मोडेलको मर्मविपरीत परामर्शदाता नियुक्ति तथा भुक्तानी प्रक्रिया सञ्चालन गरिएको पाइएको छ । ठेक्का सम्झौताअनुसार परामर्श सेवाको खर्च निर्माण कम्पनीकै दायित्वभित्र पर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै सम्बन्धित पदाधिकारीहरूले उक्त व्यवस्था उल्टाउँदै प्राधिकरणकै स्रोतबाट छुट्टै ठूलो रकम खर्च गरेको आरोप लगाइएको छ ।

विज्ञप्तिअनुसार निर्माण सम्झौतामा परामर्श सेवाका लागि करिब २८ लाख अमेरिकी डलर (करिब ३३ करोड रूपैयाँ) बराबरको रकम 'प्रोभिजनल सम' शीर्षकमा राखिएको थियो । तर, उक्त रकम प्रयोग नगरी उल्टै घटाएर न्यून बनाइएको र बाँकी रकम अन्य शीर्षकमा सारिएको आयोगको दाबी छ । त्यसपछि पुनः प्राधिकरणको बजेटबाट करिब ४२ करोड रूपैयाँ बराबरको परामर्श सेवा खरिद गरिएको उल्लेख छ । आयोगले यसलाई दोहोरो खर्च र योजनाबद्ध आर्थिक अनियमितता भएको निष्कर्ष निकालेको छ । विज्ञप्तिमा भनिएको छ, 'सम्झौतामा समावेश भइसकेको सेवा पुनः छुट्टै खरिद गरी राज्यलाई हानिनोक्सानी पुऱ्याएको देखिन्छ ।'

यस प्रकरणमा तत्कालीन सचिव, नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकहरू, आयोजना प्रमुख, लेखा शाखाका कर्मचारी, परामर्शदाता तथा निर्माण कम्पनीका प्रतिनिधिहरूबीच मिलेमतोमा निर्णय भएको आयोगको दाबी छ । परामर्शदाता छनोट प्रक्रियामासमेत सार्वजनिक खरिद ऐन तथा नियमावली उल्लंघन गरेको आरोपपत्रमा उल्लेख छ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनोट गर्नुपर्ने प्रावधान हुँदाहुँदै सीमित प्रतिस्पर्धाबाट प्रक्रिया अघि बढाइएको र यसले पारदर्शिता कमजोर बनाएको आयोगको ठहर छ ।

त्यसैगरी, मूल्य समायोजन प्रक्रियामा पनि अनियमितता गरिएको आरोप छ । आयोगका अनुसार 'अपडेटेड प्राइस स्केडचुल' तयार गर्दा घटेको काममा पुरानै दर कायम गरिएको र बढेको काममा नयाँ दर लागू गरिएको पाइएको छ, जसबाट निर्माण कम्पनीलाई अनुचित लाभ पुगेको निष्कर्ष निकालिएको छ । आयोगले प्रारम्भिक चरणदेखि नै बद्नियतपूर्वक ढंगले भ्रष्टाचारको योजनाबद्ध रूपमा प्रक्रिया अघि बढाइएको जनाएको छ । ऋण सम्झौता कार्यान्वयनको सुनिश्चितता नहुँदै परामर्शदाता छनोट प्रक्रिया अघि बढाउनु, ठेक्का सर्तविपरीत रकम स्थानान्तरण गर्नु तथा बजेट व्यवस्थापनमा अपारदर्शिता देखिनुले बद्नियतपूर्वक निर्णय गरिएको आयोगको निष्कर्ष छ । आयोगले विमानस्थलजस्तो राष्ट्रिय गौरवको परियोजनामा यस्तो अनियमितता हुनु गम्भीर विषय भएको उल्लेख गरेको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०५/१४ मा दर्ता भएको **प्रा. लि. नं. १३९२८२** को **बि. एण्ड एन. सब रेमिट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**मलेशियामा रोजगार** COMPANY: SIANG CHANG CAFE SDN. BHD., MALAYSIA

१. पुर्व स्विकृति मिति: 2026/03/22 चलानी नं. ६०२५३५९५ LT No. 340177

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 04 | 1700 | 64540 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. पुर्व स्विकृति मिति: 2026/03/22 चलानी नं. ६०२५३५९६ LT No. 340178

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 04 | 1700 | 64540 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८२/१२/ १७ गते ( 31 March 2026) हुनेछ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**युनाइटेड एच. आर. सोलुशन प्रा. लि.**
बालकुमारी पुल, कोटेश्वर ३५ काठमाडौं, फोन: ५१४७०६१ श्रम इजाजत पत्र नं.: ९५२/०६७/६८

**मलेसियामा रोजगार** कम्पनी : JAK PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 334542 चलानी नं. ६०२४७९६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 2 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुख्किरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81 STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**कतारमा रोजगार** कम्पनी : SUNLIGHT CLEANING & CONTRACTING W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ LT. No. 340101 चलानी नं. ६०२५३५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistance Tile Fixer | 1 | 0 | 1200 | ४९,३५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Assistant Stone Mason | 7 | 0 | 1200 | ४९,३५१ | | | | | | |
| 3. | Assistant Tile Fixer | 4 | 0 | 1200 | ४९,३५१ | | | | | | |
| 4. | Foreman | 6 | 0 | 2500 | १०२८१५ | | | | | | |
| 5. | Plumber Assistant | 4 | 0 | 1200 | ४९,३५१ | | | | | | |
| 6. | Plumber General | 4 | 0 | 1200 | ४९,३५१ | | | | | | |
| 7. | Stone Mason | 7 | 0 | 1200 | ४९,३५१ | | | | | | |
| 8. | Supervisor | 3 | 0 | 2500 | १०२८१५ | | | | | | |
| 9. | Tile Setter | 5 | 0 | 1200 | ४९,३५१ | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १६ गते (30th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुख्किरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**मलेसियामा रोजगार** कम्पनी : SPECTRUM SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340151 चलानी नं. ६०२५३६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 26 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WTEC SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340153 चलानी नं. ६०२५३६०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 7 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GWM MARKETING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340155 चलानी नं. ६०२५३६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुख्किरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४ SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०९ चैत, २०८२**

**मेष** रोकिएका काम बन्ने छन् । भगवान सूर्यदेवलाई जल अर्पण गरि दिनको सुरुवात गरेमा शुभ फल मिल्नेछ ।

**वृष** खर्छ बढ्ने योग रहेको छ । महादेवको ध्यान गरेमा पारिवारिक कलहबाट बच्न सकिन्छ ।

**मिथुन** आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । हरियो वस्त्रको प्रयोगले शुभत्त्वमा वृद्धि हुने छ ।

**कर्कट** सामाजिक प्रतिष्ठा बढ्नेछ। सोमनाथको ध्यान गर्नाले चिन्ता हटेर जानेछन् ।

**सिंह** भाग्यले साथ दिनेछ । पिता र पितृको स्मरण गरेमा बाधा हटेर जानेछ।

**कन्या** वास्थ्यमा समस्या देखा पर्न सक्छ । अश्विनी कुमारको स्मरण गरेमा कष्ट दूर हुने छ ।

**तुला** दाम्पत्य जीवन सुखद रहनेछ । स-साना बालबालिकालाई मिठाइ दिनु लाभप्रद हुनेछ ।

**वृश्चिक** शत्रु परास्त हुने छन् । हनुमान चालिसाको पाठ गर्नाले सहासमा वृद्धि हुनेछ ।

**धनु** बौद्धिक क्षमतामा वृद्धि हुनेछ । केशर चन्दनको टीका लगाएमा लाभ मिल्नेछ ।

**मकर** आमाको स्वास्थ्यमा ध्यान पुर्याउनु होला । अष्ट चिरञ्जीवीको नाम लिएमा कष्ट हटेर जानेछन् ।

**कुम्भ** पराक्रम बढेर जानेछ । चराचुरुङ्गीलाई चारो हाल्नाले विघ्न हटेर जानेछ ।

**मीन** धन संचित हुनेछ । कुलदेवताको स्मरण गरि अघि बढेमा कार्य सम्पन्न हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०९ चैत, २०८२ (२३ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.६४ | १५०.२४ |
| युरो | १ को | १७३.१२ | १७३.८१ |
| पाउन्ड स्टिर्लङ | १ को | २००.३८ | २०१.१९ |
| स्विस फ्रैन्क | १ को | १९०.०१ | १९०.७७ |
| अस्ट्रेलियन डलर | १ को | १०५.८९ | १०६.३१ |
| क्यानाडियन डलर | १ को | १०९.०४ | १०९.४८ |
| सिङगापुर डलर | १ को | ११७.०१ | ११७.४८ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | २१.७३ | २१.८२ |
| साउदी अरब रियाल | १ को | ३९.८५ | ४०.०१ |
| कतारी रियाल | १ को | ४०.९४ | ४१.११ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.७४ | ४०.९१ |
| मलेसियन रिङेट | १ को | ३७.९८ | ३८.१४ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १६.०७ | १६.१४ |
| डेनिस क्रोनर | १ को | २३.१७ | २३.२६ |
| हङकङ डलर | १ को | १९.१० | १९.१७ |
| कुवेती दिनार | १ को | ४८८.०६ | ४९०.०२ |
| बहराइन दिनार | १ को | ३९६.३४ | ३९७.९३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# राष्ट्रिय परिचयपत्र बनाउन अब छुट्टै फाराम भर्न नपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले राष्ट्रिय परिचयपत्र बनाउने प्रक्रिया सरलीकृत गरेको छ । नयाँ नागरिकता लिएका नागरिकले अब राष्ट्रिय परिचयपत्र बनाउन छुट्टै फाराम भरेर लाइन बस्नु नपर्ने व्यवस्था गरेको हो ।

पहिला छुट्टै फाराम भरेर शुल्क पनि तिर्नुपर्ने र घण्टौंसम्म लाइन बस्नुपर्ने बाध्यता थियो । अब भने सहज र छिटो तरिकाले राष्ट्रिय परिचयपत्र बन्ने छ । प्रि-इनरोलमेन्ट फाराम नभरीकनै नागरिकता नम्बरका आधारमा राष्ट्रिय परिचयपत्र लिन सकिने गृह मन्त्रालयले जानकारी दिएको हो ।

नेपाल सरकारको डिजिटल सुशासन र प्रशासनिक सरलीकरणको अभियानअन्तर्गत जिल्ला प्रशासन कार्यालय ललितपुरबाट आइतबार प्रि-इनरोलमेन्ट फाराम नभरिकनै नागरिकता नम्बरका आधारमा राष्ट्रिय परिचयपत्र दिने प्रणालीको उद्घाटन गरिएको हो । अब ७७ वटै जिल्लाबाट उक्त प्रक्रियाबाट राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सकिने छ । उक्त सेवाको आइतबार एक विशेष कार्यक्रमबीच गृहमन्त्री ओमप्रकाश अर्यालले शुभारम्भ गरे ।

गृहमन्त्री अर्यालले नागरिक सेवा प्रवाह र सुशासनका लागि एनआइडी इन्ट्रिगेसन उपयोगी र सान्दर्भिक हुने बताए । उनले परिवर्तित प्रणाली डिजिटल सुशासनको मानक भएको उल्लेख गरे ।

गृहमन्त्री अर्यालले यो पहल डिजिटल सुशासन सुदृढीकरण, सार्वजनिक सेवा प्रवाह सुधार तथा एकीकृत डिजिटल परिचय प्रणाली प्रवर्द्धनतर्फ सरकारको महत्त्वपूर्ण कदमका रूपमा लिइएको बताए । यस नयाँ व्यवस्थाअनुसार जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपाली नागरिकले अब राष्ट्रिय परिचयपत्रका लागि छुट्टै अनलाइन पूर्वदर्ता फाराम भर्नु नपर्ने भएको छ । यसले सेवा प्रवाहलाई सरल, छरितो तथा नागरिकमैत्री बनाएको मन्त्री अर्यालको भनाइ छ ।

यो सेवा केन्द्रीय नागरिकता व्यवस्थापन सूचना प्रणाली (सिसिएमआइएस) र राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (इनआइडीएमआइएस)बीच एपिआईमार्फत गरिएको अन्तरआबद्धताबाट सम्भव भएको हो । नागरिकताको प्रमाणपत्र प्राप्त गरेकै दिन सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय परिचयपत्र विवरण दर्ता केन्द्रमा नागरिकको ११ अंकको नागरिकता नम्बर प्रविष्ट गरेपछि सम्बन्धित नागरिकका विवरण स्वतः सिसिएमआइएसबाट एनआइडीउमआइएसमा प्राप्त भई औंठाछाप, आँखा (आइरिस), फोटो तथा हस्ताक्षरजस्ता जैविक विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र दर्ता प्रक्रिया सम्पन्न गरिन्छ ।

देशभर दैनिक करिब आठ हजारदेखि नौ हजार नागरिकता प्रमाणपत्र जारी हुने अवस्थालाई मध्यनजर गर्दै यस प्रणालीमार्फत ठूलो संख्यामा नागरिकले नागरिकता प्राप्त गर्ने दिनमै राष्ट्रिय परिचयपत्रमा दर्ता हुने सुविधा प्राप्त गर्ने छन् । यसबाट सेवा लिने समय घट्ने, पुनः कार्यालय धाउनुपर्ने अवस्था कम हुने तथा सेवा प्रवाह अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

सो अवसरमा जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेकै दिन राष्ट्रिय परिचयपत्र सेवा प्राप्त गर्ने पहिलो नागरिकलाई राष्ट्रिय परिचयपत्रसमेत हस्तान्तरण गरिएको छ । गृहमन्त्री अर्यालले सो परिचयपत्र हस्तान्तरण गरे । यस प्रणाली लागू हुनुअघि नागरिकता प्राप्त गरिसकेका नागरिकले भने विद्यमान अनलाइन पूर्वदर्ता प्रणालीमार्फत राष्ट्रिय परिचयपत्र दर्ता गर्न सक्ने छन् ।

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै

**काठमाडौं (प्रस)–** राष्ट्रिय तथ्यांक कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल)को सर्वेक्षणको तयारी गरेको छ ।

देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कूल गार्हस्थ उत्पादनमा कति योगदान पु¥याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्यांक कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिए । उनका अनुसार देशभरिका निजी सही सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिने छ । उनका आगामी वैशाखदेखि असार मसान्तसम्म तथ्यांक संकलनको काम गर्ने दिए ।

'अहिले कर्मचारी करारमा लिएका छनोट गर्ने कार्य भइरहेको छ । ती कर्मचारीलाई तालिम दिनेछौं,' उनले भने, 'अनि हामी ती कर्मचारीलाई तथ्यांक संकलन गर्न अस्पतामा पठाउँछौं ।'

उनका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी संख्यालगायत तथ्यांक संकलन गरिने छ । कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्य संस्थाको सर्वेक्षण गर्ने भनेता पनि केही वर्ष ढिलाइ भएको उनको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिए । त्यतिबेला १०० वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गर्ने तयारी गरिएको छ ।


## साउदीमा रोजगार

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०५ | LT. No. 335224 | चलानी नं. ६०२४८९३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Workers | 21 | 0 | 1000 | ३९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ | LT. No. 340184 | चलानी नं. ६०२५३६१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 210153 | १९८,४७७ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


## धितोमा रहेको अचल सम्पति लिलाम विक्री हुने सम्बन्धि ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२ चैत्र ०९ गते) प्रभाव दैनिक**

**यस सहकारी संस्थाको शेयर सदस्य ऋणीको तपशीलमा उल्लेखित चल अचल सम्पत्ति धितो सुरक्षण वापत धितो बन्धक राखि लिएको कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा अन्य दै दस्तुर नतिरी नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देज उल्लघन गरेकोले सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत ऋण (कर्जा) चुक्ता नगरेको हुदा राष्ट्रिय दैनिक पत्रिकाहरुमा ऋण चुक्ता गर्नको लागि ३५ दिने र ७ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत ऋण रकमको साँवा ब्याज तथा दै- दस्तुर भुक्तान गर्ने कुनै चासो नदेखाइ बेवास्ता गरी बसेको हुँदा कर्जा असुलिको लागि यस सहकारीमा कर्जा सुरक्षण वापत धितो बन्धक लेखिदिएको तपशिलमा रहेको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खुल्ला बोल कबोल प्रक्रियाद्वारा लिलामी बिक्री गरी सहकारीले लिने रकम असुल उपर गरी लिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सुचना प्रकाशित मितिभित्र कर्जा चुक्ता फच्चौट गर्न अनुरोध गर्दैछौ। यदि तोकिएको समयलाई बेवास्ता गरेर नआएमा उक्त सुचना प्रकाशित भएको मितिले ३६ औं दिन यसै सहकारीको कार्यालयमा धितो लिलाम बढावढ गरीने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विनियमावली बमोजिम तपशीलमा उल्लेखित धितो सुरक्षण लिलाम गरी वा कानूनी कारवाही गरी संस्थाको लिनु पर्ने रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै धितो सुरक्षणमा रहेको लिलाम विक्री हुन नसकी यसै वित्तिय संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट वित्तिय संस्थाको सम्पूर्ण वक्यौता रकम असुल उपर नभएमा असुल उपर हुन नसेकेको रकमको हद सम्म प्रचलित कानून बमोजिम ऋणी र व्यक्तिगत जमानकर्ताको घर घरानाबाट असुल उपर गर्ने असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत पुनः सुचित गरिन्छ।**

**तपसिल**

| क्र.सं. | नाम | ठेगाना र नागरिकता न. | व्यक्तिगत तस्विर | धितो/जमानीको विवरण |
|---|---|---|---|---|
| १ | नाम : भवानी प्रसाद राई<br>बुवाको नाम : गंगा प्रसाद राई<br>बाजेको नाम : केशर सिंङ्ग राई | काठमाडौं गोलढुङ्गा वडा नं. १<br>ना.प्र. नं.<br>२०१२/२८२०६/१२०३ |  | ललितपुर, चापागाँउ-८ क<br>कित्ता नं. ३७३, ३७४, ३७५, ३७६<br>क्षेत्रफल : ४५३.०१, ४५३.०१, ४५३.०१, १३५९.२३ ब.मि. |

**लिलामीका शर्तहरु**

१. संस्थाले कबुलेत गरेको रकम भन्दा बढी अन्तिम पटक कबोल गर्ने व्यक्ति वा पार्टीले आफुले बोलेको रकमको ३० प्रतिशत रकम यसै संस्थामा तुरुन्त जम्मा गर्नुपर्नेछ ।
२. सबैभन्दा बढी कबोल गर्ने व्यक्ति वा पार्टीलाई उक्त सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थालाई निहित रहनेछ ।
३. लिलामी सकार गर्ने व्यक्ति वा पार्टीले सकार गरि स्वीकृत लिएको ७ दिनभित्र सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो नाममा नामसारी गर्नुपर्ने छ । यदी उक्त समयमा कार्य पूरा नगरेमा धरौटी वापत दिएको रकम स्वतः जफत हुनेछ ।
४. लिलाम विक्री हुने अचल सम्पत्तीको सम्पूर्ण कागजात कार्यालय समयभित्र सम्पर्क राखी हेर्न सकिने छ ।
५. उक्त दिन सरकारी विदा वा कुनै कारणवस कार्यालय विदा परेमा वा लिलाम गर्दागर्दै नभ्याएमा सो दिनको भोलीपल्ट पुनः लिलामीको कार्यहुनेछ ।
६. लिलामीको मिति २०८३/०१/१४, लिलामीको स्थानः गोरखा मिलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालय

**गोरखा मिलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.**
**GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.**
मीनभवन उकालो, नयाँबानेश्वर, काठमाडौं जि.पि.ओ. ८९७३, एन.पी.सी. ६७५
फोन नं. ०१-४६२२८८३, ४६२२८४४, ४६२११३७ फ्याक्स : ४६२१९९०

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७७/१२/०५ गते **मार्ग बिजनेस एड्भाइजरि प्रा.लि** को नामबाट दर्ता भएको प्रा.लि.नं. २५९३४९ कम्पनीको मिति २०८२/१२/०८ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुंदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३


## VACANCY ANNOUNCEMENT

**Jagdamba Hire Purchase ltd.** a leading hire purchase company in Nepal invites applications from dynamic, competent and enthusiastic candidates to fulfill the following positions.

### Position: Telecaller

Number of Openings : Few
Qualification : BBS/BBA
Location : Kathmandu

**Job Responsibilities:**
- Make pre-calls for upcoming EMIs.
- Follow up with overdue clients.
- Perform tasks in alignment with the action plan provided by the supervisor.
- Address clients' concerns, grievances, and suggestions promptly and effectively.
- Ensure accurate settlement of clients' bank deposit vouchers.
- Conduct all interactions respectfully and professionally.
- Provide daily reports to the supervisor regarding work updates.

**Eligibility Criteria:**
- BBA/BBS Completed or Running
- Prior experience in customer handling role is preferred
- Active listening skills to understand client's concerns.
- Freshers with strong communication and interpersonal skills are encouraged to apply.

### Position: Loan and Recovery Executive

Number of Openings : Few
Qualification : BBS/BBA
Location : Kathmandu

**Job Responsibilities:**
- Handle and manage loan files efficiently, ensuring accuracy and compliance with organizational policies.
- Follow recovery procedures to collect EMIs from customers.
- Follow up with default clients and visit their homes if required to resolve overdue payments.
- Collaborate effectively with team members and dealers to ensure smooth loan and recovery processes.
- Maintain regular contact with clients to encourage loan settlement or ensure timely EMI payments.
- Prepare and submit daily reports detailing loan and recovery activities.

**Eligibility Criteria:**
- BBA/BBS Completed or Running
- Valid two-wheeler driving license (mandatory)
- Prior experience in customer relation and marketing would be beneficial.
- Freshers with financing knowledge are encouraged to apply
- Strong communication and interpersonal skills

### Position: Sr. Officer- Finance & Accounts

Number of Openings : 1
Qualification : BBS/BBA
Location : Kathmandu

**Job Responsibilities:**
- Assist in financial planning, budgeting, and financial analysis for hire purchase operations.
- Assist in preparing financial statements including income statements, balance sheets, and cash flow reports.
- Ensure accurate and timely financial reporting to management.
- Ensure compliance with regulatory requirements and internal financial policies.
- Coordinate with auditors during internal and external audits
- Support and guide junior finance staff in daily financial operations.

**Eligibility Criteria:**
- Semi-Qualified CA or bachelor's degree in finance, Accounting, or a related field.
- 2-3 years of experience in finance, banking, or hire purchase companies.
- Knowledge of loan financing, hire purchase operations, and financial reporting.
- Strong analytical, reporting, and problem-solving skills.
- Proficiency in financial software and MS Excel.
- Good communication and teamwork skills.

*Candidates are requested to apply with an updated CV at* **vacancy@jagdambacredit.com**

**Note:** *Please mention the applied position on subject.*
* Only shortlisted candidates will be called for further selection process. The company reserves the right to reject any application without assigning any reasons there of.

**JAGDAMBA HIRE PURCHASE**
(Hire-Purchase License by NRB)
**Second floor, Laxman Babu Bhawan, Naxal, Kathmandu**
**Phone No. 01-4511600, Toll Free No.16600111600**


## माइग्रेसन हरायो

**मिति २०८२/११/०५ गते जावलाखेलदेखि कुपन्डोलतर्फ जाने क्रममा करुणा रावतको राष्ट्रिय परिक्षा बोर्ड (+२) को माइग्रेसन सर्टिफिकेट हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४९७७४१२३ मा सम्पर्क गरिदिनुहोला ।**

Migration No.: **320906**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।१२।०५ गते का.जि.ता.न.पा.-७, भत्केको पुल नजिक सन्तानेश्वर मन्दिर स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलाश फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : दिपक कुमार श्रेष्ठ**
**बाइक नं.: बा.प्र. ०२- ०६४ प ५५०४**
**च्यासिस नं.: MD2A13EX8TCK 80272**
**इन्जिन नं. : DKXCTK 16571**
**ठेगाना : का.जि.ता.न.पा-७, भत्केको पुल**
**सम्पर्क नं. ९७४९३४५७६१/९८६६३३४२२५**

## माइग्रेसन हरायो

मिति २०८२ /११/२० गते पथरी देखि विराटनगरसम्म जाँदा मेरो निम्न व्यहोरा माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : जयबहादुर बोहोरा**
**रजिष्ट्रेसन नं. :** H.A-3342-008
**माइग्रेसन सिम्बोल नं :** 19643
**ठेगाना :** उर्लाबारी, मोरङ
**सम्पर्क नं.** 9852042064

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publication: 2082-12-09 -23rd March ,2026**

यस कार्यालयबाट मिति २०८२/११/१५ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Bid Price (Including VAT), NRs | Remarks |
|---|---|---|---|---|
| 37/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Maintainance of Flooring Works at Ward office of kplrm-04,Solukhumbu | Beyul Sherpa Infrastructure Pvt. Ltd. | 2,299,889.77 | |
| 38/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Construction of Khumjung Youth Club Parafit at kplrm-04,Solukhumbu | Khumbila Construction Kplrm-04,Solukhumbu | 1,877,661.19 | |
| 40/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Namche Dekhi Phurte Jane Baato pahiro Niyantran at kplrm-05,Solukhumbu | Shree Bhangeri Nirman Sewa | 1,176,841.37 | |
| 41/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Maintainance of Saamde Road at kplrm-05,Solukhumbu | Samuyal Construc-tion and Suppliers kplrm-03,Solukhumbu | 1,395,049.43 | |
| 42/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Maintainance of Khumjung Maa. Bi at kplrm-04,Solukhumbu | Rikot Construction and suppliers pvt. Ltd kplrm-02,Solukhumbu | 3,634,329.74 | |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## एन्फा र राखेपको ‘भाले जुधाइ’: धरापमा नेपाली फुटबल

नेपाल फुटबल संघ(एन्फा) यतिबेला गम्भीर विवादमा फसेको छ । एन्फाले आफ्नो कार्यसमितिलाई विभिन्न कारण देखाइ काम गर्न नदिएको भन्दै ‘अर्ली इलेक्सन’ गर्ने तयारी थालेको छ । विधानतः एन्फाको कार्यकाल सकिने आउँदो असारमा हो । तर चैत १३ मै निर्वाचन गर्न एन्फा कसेपछि राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अहिले यो कदम तत्काल रोक्न चेतावनी दिएको छ ।

तर एन्फाले टेरे पो ! नेपाली खेलकुदका लागि अन्तिम निर्णय गर्ने अख्तियारी पाएको संस्था हो, राखेप । तर एन्फा, नेपाल क्रिकेट एसोसिएसन (क्यान) जस्ता संस्थाहरूलाई नेपाल सरकारले बजेट व्यवस्थापन गर्न सक्दैन । एन्फालाई फिफा र क्यानलाई आइक्यानको सहयोग रहँदा खेलकुद मन्त्रालयकोसमेत उनीहरूले टेरपुच्छर लगाउँदैनन् ।

यस्तो अवस्थामा एन्फाले गर्न लागेको चुनावमा राखेपले अत्तो थापेको हो । को ठूलो भन्ने विवादका कारण घरेलु लिग स्थगित भएको छ भने नेपाल र हङकङबीचको मैत्रीपूर्ण खेल पनि स्थगित भएको छ । यो विवादमा एन्फा र राखेप को कम भन्दै पाखुरा सुर्कनेतिर लागेको देखिन्छ । खेलाडी, क्लब, एन्फाकै कतिपय पदाधिकारी र जिल्लास्थित समितिहरू पंकजविक्रम नेम्बाङ नेतृत्वको कार्यसमितिसँग असन्तुष्ट सुनिन्छन् । उनीहरू जिल्लागत तहबाटै निर्वाचन भएर आएपछिमात्र केन्द्रीय निर्वाचन हुनुपर्ने मत राख्छन् । यता एन्फाले भने फिफाको निर्देशन भन्दै पटक–पटक निर्वाचनको मिति तोक्दै सार्दै आएको छ ।

एन्फा बलियो संस्था भए पनि राखेपा पनि सरकारी निकाय हो । राखेपसँग जुहारी खोजिरहे एन्फाका लागि यो विषय भारी पर्न सक्छ । तर यो भाले जुधाइमा सबैभन्दा ठूलो असर पर्ने भनेको समग्र नेपाली फुटबललाई नै हो । त्यसै त थला परेको नेपाली फुटबलमा यही कारण देखाउँदै फिफाले हात झिके दीर्घकालका लागि असर पर्नसक्छ । यसो गर्दा अन्तर्राष्ट्रिय खेलहरूसमेत खेल्न नपाउने अवस्था आउन सक्छ । नियमित खेल नहुँदा खेलाडीहरू विदेश भासिन बाध्य भइरहेका छन् । यसरी नै विवादको भुमरीमा फसिरहे नेपाली खेलाडी विदेसिन सक्छन् ।

लिग नहुँदा क्लबमा लगानी गर्नेहरूको रुचि हराउँदै गएको छ । जसका कारण क्लबहरूसमेत सुक्दै गएको अवस्था छ । यसले गर्दा फुटबल मैदान खेल खेल्न हैन, राजनीति गर्नमात्र बाँकी हुन सक्छ । उसै त नेपाली फुटबलको स्तर आठ वर्षयता १७ स्थान तल झरिसकेको छ । सन् २०१६ मा १६५औं स्थानमा रहेको नेपाली फुटबलको स्तर यसपटक १८२औं स्थानमा झरिसकेको छ । त्यसैले यो विषयमा छाती फराकिलो पारेर दुवै पक्ष नरम भएर नेपाली फुटबलको हितमा काम गर्नुको विकल्प छैन ।

# जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ



❑ डा. गंगादत नेपाल

> “ सुरक्षित खानेपानी पहुँच करिब ९० प्रतिशतभन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन । पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक एकदेखि तीन घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन् । यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्यो । सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ । जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ । नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन् ।

यस वर्ष विश्व पानी दिवसको नारा छ- ‘जहाँ पानी बग्छः त्यहाँ समानता बढ्छ’ । संयुक्त राष्ट्रसंघले १९९० को दशकबाट मनाउन सुरु गरेको यो दिवस आइतबार विश्वभर मनाइयो । राष्ट्रसंघको नेतृत्वमा रहेको यो विषयवस्तुले ‘जहाँ मानिसहरूलाई सुरक्षित पिउने पानी र सरसफाइको मानवअधिकारको अभाव हुन्छ, त्यहाँ असमानता फस्टाउँछ’, जसको कारण महिला र बालिकाहरूले दुःख भोग्छन् भन्ने तथ्यलाई प्रस्टयाएको छ ।

विश्वको करिब ७३-७५ प्रतिशत (सन् २०२२) जनसंख्यामा (झण्डै छ अर्ब मानिस)ले ‘सुरक्षितरूपमा व्यवस्थित’ खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो । यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ ।

दिगो विकास लक्ष्य- सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व अहिले सही मार्गमा छैन । उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ । सन् २०१५ देखि २०२४ बीच सुरक्षितरूपमा व्यवस्थित खानेपानीको पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशत पुगेको छ ।

सन् २०३० को दिगो विकास लक्ष्य हासिल गर्न जलवायु सहनशील खानेपानी तथा जल पूर्वाधार अत्यावश्यक छ । वार्षिकरूपमा सयौं अर्ब डलरबराबरको आर्थिक क्षति रोक्न पानी क्षेत्रमा अनुकूलनका लागि विश्वव्यापी लगानी उल्लेखनीयरूपमा बढाउन आवश्यक छ । जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्यरूपमा पानीमार्फत पर्छ- खडेरी, बाढी, हिमनदी पग्लिनु र पानी दूषित हुनुजस्ता माध्यमबाट । जीवन र अर्थतन्त्र जोगाउन जल व्यवस्थापन प्रणाली सुदृढ बनाउने, जलाधार क्षेत्र संरक्षण गर्ने र जलवायु सहनशील पूर्वाधारमा लगानी गर्ने अत्यन्त आवश्यक छ ।

जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ । तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आर्द्रता लिन्छ । परिणामस्वरूप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ । हाल विश्वको करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना गर्छन् । सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन् । जलवायु परिवर्तनका कारण धेरै सुक्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०-३० प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ । सन् २००० पछि बाढीसँग सम्बन्धित विपद् घटनाहरू अघिल्लो दुई दशकको तुलनामा धेरै बढेका छन् । झण्डै १.८ अर्ब मानिस उल्लेखनीय बाढी जोखिम भएका क्षेत्रमा बसोबास गर्छन् । समुद्री सतह बढ्दै जाँदा साना द्वीप र तटीय क्षेत्रका सुरक्षित पानीका स्रोतहरू जोखिममा परिरहेका छन् । तापक्रम वृद्धिका कारण विश्वभरका हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन् ।

हिन्दूकुशजस्ता पर्वतीय क्षेत्रहरूः जसले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराइरहेको छ, हिउँ र बरफको मात्रा घटिरहेको छ । यदि विश्वव्यापी तापक्रम दुई डिग्री सेन्टिग्रेडसम्म पुग्यो भने हिमालय क्षेत्रका करिब एकतिहाइ हिमनदीहरू हराउन सक्छन् । पानीसँग सम्बन्धित विपद् घटनाहरूले विश्वका ७० प्रतिशतभन्दा बढी प्राकृतिक विपद् ओगटेका छन् । खडेरीले कृषि क्षेत्रलाई प्रभावित गर्दै खाद्य सुरक्षामा खतरा बढाउँछ र कुपोषण वृद्धि गर्छ ।

नेपालमा ९० प्रतिशतभन्दा बढी जनसंख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९ प्रतिशत मानिसलेमात्र प्रदूषणमुक्त र सुरक्षितरूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन् । उच्च ई-कोलाई प्रदूषणले पानीका स्रोतहरू प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्रायः घरधुरीको पानी असुरक्षित हुनसक्छ ।

### खानेपानी र लैंगिक समानता

विश्वमा करिब २.२ अर्ब मानिस अझै पनि सुरक्षितरूपमा व्यवस्थित खानेपानीबाट वञ्चित छन् । विश्वभर झण्डै चार जनामध्ये एक जनाको घरमै सुरक्षित पानीको पहुँच छैन । ग्रामीण, कमजोर र न्यून आय भएका समुदायहरूमा असमानता सबैभन्दा बढी देखिन्छ । जब प्रत्येक घरमा पानी बग्छ, अवसर पनि सँगै बग्छ । नेपालमा करिब १० प्रतिशत जनसंख्या खानेपानीबाट वञ्चित छन् भने करिब २० प्रतिशत जनसंख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ । विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी संकलनमा खर्च गर्छन् । घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरूको भएको परिप्रेक्ष्यमाः विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ । जब पानी नजिकै हुन्छ, बालिकाहरू विद्यालयमा रहन्छन् । जब बालिकाहरू विद्यालयमा रहन्छन्, समानता बढ्छ ।

नेपालमा पानी (खानेपानी र सरसफाइ) र लैंगिक समानता आपसमा गहिरोरूपमा जोडिएका विषय हुन् । विशेषगरी ग्रामीण क्षेत्रमा पानीको पहुँच, व्यवस्थापन र निर्णय प्रक्रियामा महिलाको भूमिका महत्त्वपूर्ण भए पनि चुनौतीहरू अझै छन् । पानी संकलनमा महिलाको भूमिका धेरै ग्रामीण परिवारमा पानी ल्याउने जिम्मेवारी मुख्यतः महिला र किशोरीहरूमा हुन्छ, टाढाबाट पानी बोक्नुपर्ने अवस्थाले समय, स्वास्थ्य र सुरक्षामा असर गर्छ, यसले विद्यालय जाने किशोरीहरूको पढाइमा पनि बाधा पुऱ्याउँछ । सुरक्षित खानेपानी र सरसफाइको अभावले महिलामा बढी स्वास्थ्य जोखिम (जस्तैः पानीजन्य रोग) बढाउँछ । महिनावारी सरसफाइका लागि विद्यालय र सार्वजनिक स्थानमा पर्याप्त पानी र शौचालयको अभावले किशोरीहरूको विद्यालय उपस्थितिमा असर गर्छ । स्थानीय खानेपानी उपभोक्ता समितिहरूमा महिलाको सहभागिता बढ्दै गएको छ । नेपालको संविधान र स्थानीय तहका नीतिहरूले महिला प्रतिनिधित्वलाई प्रोत्साहन गर्छन् । तर व्यवहारमा नेतृत्व तहमा अझै पुरुषको वर्चस्व देखिन्छ । नीतिगत प्रयासहरूः नेपालले पानी र सरसफाइ क्षेत्रमा लैंगिक समानता प्रवर्द्धन गर्न विभिन्न नीति र कार्यक्रम सञ्चालन गरेको छः ग्रामीण क्षेत्रमा सुरक्षित पानी र महिलाको सशक्तीकरणमा काम गरिरहेको छ । खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ नीति र कार्यनीति कार्यान्वयन साथै युएन वुमनलगायतले लैंगिक समानता र महिला अधिकारका क्षेत्रमा सहयोग गरिरहेका छन् ।

### खानेपानी र स्वास्थ्य समानता

असुरक्षित पानी, सरसफाइ र स्वच्छता अभावका कारण हरेक वर्ष सयौं हजारको मृत्यु हुन्छ । पानीजन्य रोगहरूले विशेषगरी पाँच वर्षमुनिका बालबालिका र गरिब समुदायहरूलाई असमानरूपमा प्रभावित गर्छन् । अर्कोतर्फ, जलवायु परिवर्तनका कारण खडेरी र बाढी बढ्दै जाँदा पानी दूषित हुने समस्या झन् गम्भीर बन्दै गएको छ । नेपालमा करिब ९० प्रतिशतभन्दा बढी जनसंख्या आधारभूत खानेपानी सेवामा पहुँच राख्छन्, तर सुरक्षित पानी सबै ठाउँमा उपलब्ध छैन । करिब ७५-८० प्रतिशत घरधुरीमा आधारभूत सरसफाइ सुविधा पुगेको छ, तर ग्रामीण-सहरी असमानता अझै छ । पानीजन्य रोग (जस्तैः झाडापखाला) बालबालिकामा प्रमुख स्वास्थ्य समस्यामध्ये एक हो । ग्रामीण क्षेत्रमा महिलाले दैनिक एकदेखि तीन घण्टा पानी संकलनमा खर्च गर्न सक्छन् । विद्यालयमा सुरक्षित पानी र शौचालयको अभावले विशेषगरी किशोरीहरूको उपस्थितिमा असर पार्छ । जस्तै, असमानताः दुर्गम क्षेत्रमा सुरक्षित खानेपानीको कमी, गरिब र विपन्न समुदाय पाइप प्रणालीभन्दा टाढा बसोबास, लैंगिक पक्षः पानी संकलन र सरसफाइको जिम्मेवारी बढी महिलामा, तसर्थ सुरक्षित खानेपानी केवल पूर्वाधार होइन, यो जीवनरक्षक सुरक्षा हो ।

### खानेपानी र आर्थिक अवसर

विश्वव्यापीरूपमा कूल सुरक्षित पानीको करिब ७० प्रतिशत कृषि क्षेत्रमा प्रयोग हुन्छ । पानी अभावले केही क्षेत्रमा आर्थिक वृद्धिदरलाई कूल गार्हस्थ उत्पादनको छ प्रतिशतसम्म घटाउन सक्छ । पानी र सरसफाइमा लगानी गरिएको प्रत्येक एक डलरले बहुगुणा आर्थिक प्रतिफल दिनसक्छ । नेपालको करिब ६५ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा निर्भर छ, सिँचाइ पहुँचले उत्पादन र आम्दानी सीधै बढाउँछ । कूल खेतीयोग्य जमिनमध्ये करिब ५० प्रतिशतजति जमिनमामात्र सिँचाइ सुविधा पुगेको छ ।

सुरक्षित खानेपानी पहुँच करिब ९० प्रतिशतभन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन । पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक एकदेखि तीन घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन् । यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्यो । सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ । जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ । नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन् । पानीजन्य रोग कम हुँदा उपचार खर्च घट्छ र काम गर्ने दिन बढ्छ । तसर्थ, पानीले कृषि, व्यवसाय, ऊर्जा उत्पादन र जीविकोपार्जनलाई सशक्त बनाउँछ ।

### पानी, जलवायु र जोखिम

जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्यरूपमा पानीमार्फत देखिन्छः बाढी, खडेरी र हिमनदी पग्लिने प्रक्रियामार्फत हिन्दूकुश हिमालयजस्ता पर्वतीय प्रणालीहरूले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराउँछन्, तर त्यहाँका हिमनदीहरू तीव्ररूपमा घटिरहेका छन् । सबैभन्दा गरिब समुदायहरू पानीसम्बन्धी विपद् घटनाबाट सबैभन्दा पहिले र सबैभन्दा बढी प्रभावित हुन्छन् । नेपाल विश्वकै उच्च जलवायु जोखिम भएका देशमध्ये पर्छ, औसत तापक्रम बृद्धिः करिब ०.०५-०.०६ डिग्री सेन्टिग्रेड प्रतिवर्ष (पहाडी क्षेत्रमा दर अझ बढी), करिब ८० प्रतिशत वार्षिक वर्षा मनसुन (जुन-सेप्टेम्बर) मा केन्द्रित- बाढी र पहिरो जोखिम उच्च, देशभर छ हजारभन्दा बढी नदी प्रणाली छन्; तर अत्यधिक वर्षाले तराईमा वार्षिक बाढी जोखिम दुई हजारभन्दा बढी हिमतालमध्ये करिब २० बढी हिमताल उच्च जोखिम (हिमताल विष्फोटको जोखिम) मा मानिन्छन्, प्रत्येक वर्ष मनसुनका कारण बाढी/पहिरोबाट सयौंको प्रभावित र ठूलो आर्थिक क्षति भइरहेको छ । मुख्य जोखिमहरूः बाढी- तराई र नदी तटीय क्षेत्र बढी प्रभावित, पहिरो- पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षापछि हिमताल फुट्ने जोखिम- हिमनदी पग्लँदै जाँदा जोखिम बढ्दो, खडेरी- वर्षा अनियमित हुँदा कृषि उत्पादन घट्ने । प्रभावः कृषि उत्पादनमा अस्थिरता- खाद्य सुरक्षा जोखिम, खानेपानी स्रोत सुक्ने वा प्रदूषित हुने, पूर्वाधार (सडक, पुल, जलविद्युत्)मा क्षति, गरिब र ग्रामीण समुदाय सबैभन्दा बढी प्रभावित, जलवायु न्याय भनेको पानी न्याय पनि हो ।

तसर्थ, सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व सही मार्गमा छैन । दिगो विकास लक्ष्यहरू पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले बढाउन आवश्यक छ । यस परिप्रेक्ष्यमा समुदाय-आधारित खानेपानी व्यवस्थापनले असमानता घटाउन उल्लेखनीय परिणाम देखाएको छ । रासस

***(लेखक खानेपानी सरसफाइ र जलवायु परिवर्तनविज्ञ तथा नीति तथा योजना आयोग, बागमती प्रदेशका पूर्वउपाध्यक्ष हुन्)***

**श्रम सरोकार**

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

**पाठक मञ्च**

## न्यायको कठघरामा सत्ता र शक्तिको ‘कृपा’

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने जोडिएको मुद्दा र त्यसमा महान्यायाधिवक्ता कार्यालयले गरेको ‘आरोपपत्र संशोधन’को निर्णयले नेपालको विधिको शासनमाथि गम्भीर प्रश्न उठाएको छ । एउटा लोकतान्त्रिक मुलुकमा कानुन सबैका लागि बराबर हुनुपर्नेमा, शक्ति र सत्ताको आडमा अभियुक्तलाई जोगाउन राज्य संयन्त्र नै परिचालित हुनुले विधिको शासनको खिल्ली उडाएको आभास हुन्छ ।

विशेषगरी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधजस्ता गम्भीर मुद्दाहरूमा आरोपित व्यक्तिलाई ‘मुद्दाको बोझ बढी भयो’ भन्दै महान्यायाधिवक्ताले देखाएको अस्वाभाविक ‘कृपा’ कानुनको नजरमामात्र होइन, नैतिकताको कसीमा पनि त्रुटिपूर्ण देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११६ ले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिन रोक लगाएको अवस्थामा, दफा ३६ को सहारा लिएर घुमाउरो पाराले अभियोग कमजोर बनाउनु स्पष्ट रूपमा ‘बदनियतपूर्ण’ कदम हो ।

बचतकर्ताको अर्बौं रकम हिनामिना भएको सहकारी ठगी प्रकरण र त्यसमा जोडिएका सम्पत्ति शुद्धीकरणजस्ता मुद्दाहरू आमनागरिकको भरोसासँग जोडिएका विषय हुन् । यस्ता मुद्दामा गम्भीर अनुसन्धान र निष्पक्ष अदालती प्रक्रिया हुनुपर्नेमा, सरकारले नै ‘राजनीतिक प्रतिशोध’को लेपन लगाएर मुद्दा कमजोर बनाउन खोज्नुले सुशासनको नारालाई गिज्याइरहेको छ । महान्यायाधिवक्ताको कार्यालय, जो राज्यकोतर्फबाट न्यायको रक्षक हुनुपर्ने हो, उसैले अभियुक्तको वकिलको जस्तो भाषा बोल्नु र लिखित जवाफमा निर्णय लुकाउन खोज्नुले न्याय प्रक्रियामाथि राजनीतिक हस्तक्षेप भएको पुष्टि गर्छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले भनेझैं, यो न्याय प्रणालीमाथिको प्रत्यक्ष आक्रमण हो । यदि सत्तामा हुँदा आफ्नालाई जोगाउनकै लागि कानुन संशोधन र आरोपपत्र परिमार्जन गर्ने नजिर बस्दै जाने हो भने, भोलि कुनै पनि शक्तिशाली व्यक्तिले कानुनको पालना गर्नुपर्ने छैन । यसले आमनागरिकमा ‘सानालाई ऐन, ठूलालाई चैन’ भन्ने निराशावादी सोचलाई अझ बलियो बनाउँछ ।

अन्ततः अहिले सबैको नजर सर्वोच्च अदालततर्फ केन्द्रित छ । सर्वोच्चले फागुन २ को निर्णय झिकाउन दिएको आदेशले न्यायको मधुरो आशा जगाएको छ । अदालतले कुनै पनि राजनीतिक प्रभाव वा शक्तिको दबाबमा नपरी, केवल संविधान र कानुनको कसीमा रहेर यो प्रकरणको निरूपण गर्ने छ भन्ने विश्वास छ । विधिको शासन जोगाउने अन्तिम किल्ला न्यायालय नै भएकाले, यसपटकको न्यायिक परीक्षणले नेपालको न्याय प्रणालीको विश्वसनीयता र स्वतन्त्रतालाई पुनः पुष्टि गर्नुपर्ने आवश्यकता छ ।

**- दीपसिंह कार्की**
अधिवक्ता, काठमाडौं

# दोब्बर गतिमा हिउँ गुमाउँदै हिमनदी

■ भीष्मराज ओझा



**काठमाडौं–** जलवायु परिवर्तनले बढ्दो विश्वव्यापी तापक्रमका कारण हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्रका हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् । पछिल्लो अध्ययनले यस क्षेत्रमा सन् २००० यता हिउँ पग्लने दर दोब्बर भएको देखाएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वत विकास केन्द्र (इसिमोड)ले गरेको पछिल्लो अध्ययन प्रतिवेदनअनुसार सन् १९७५ यता हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको छ । यसले 'एसियाका वाटर टावर' (पानीका स्रोत) बाट बग्ने पानीमा निर्भर तल्लो तटीय क्षेत्रका झण्डै दुई अर्ब मानिसका लागि खतराको संकेत देखाएको छ ।

प्रतिवेदनहरूले यस क्षेत्रमा भइरहेको हिमनदी परिवर्तनको हालसम्मकै सबैभन्दा विस्तृत प्रमाण प्रस्तुत गरेका छन् । 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय (एचकेएच) हिमनदी परिदृश्य २०२६: हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तरदृष्टि' नामक उक्त प्रतिवेदनहरू इसिमोडले विश्व हिमनदी दिवसको अवसरमा शनिबार सार्वजनिक गरेको हो ।

हिन्दुकुश हिमालयमा ध्रुवीय क्षेत्र बाहिर सबैभन्दा बढी हिउँ रहेको छ, जहाँ ६३ हजार ७०० भन्दा बढी हिमनदीहरूले करिब ५५ हजार ७८२ वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् । यी हिमनदीहरू एसियाका कम्तीमा १० प्रमुख नदी प्रणालीका स्रोत हुन्, जसले अर्बौं मानिसको खाद्य, पानी, ऊर्जा र जीविकोपार्जनको सुरक्षामा सहयोग पुऱ्याउँछन् ।

समुद्री सतहबाट चार हजार ५०० देखि छ हजार मिटर उचाइमा रहेका करिब ७८ प्रतिशत हिमनदी क्षेत्रहरू 'उचाइमा आधारित बढ्दो तापक्रमको उच्च जोखिम'मा रहेका प्रतिवेदनमा उल्लेख छ । 'यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रूपमा प्रकट भइरहेको वास्तविक संकट हो । यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै कार्यका लागि प्रेरित गर्नुपर्छ,' इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले भने, 'हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ । पानीको अनिश्चिततादेखि विनाशकारी बाढीसम्मका तीव्ररूपमा बढ्दो प्रभावहरूले हामी हिउँमण्डलका लागि निर्णायक दशकमा छौं भन्ने स्पष्ट पारेको छ । हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ । यी 'ब्लाइण्ड स्पट' (जानकारीविहीन क्षेत्र)बाट सुरु हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो ।'

## हिमनदीको १२ प्रतिशत क्षेत्रफल ह्रास

विस्तृत विश्लेषणले सन् १९९० र २०२० को बीचमा हिन्दुकुश हिमालयका हिमनदीले आफ्नो कूल क्षेत्रफलको करिब १२ प्रतिशत र अनुमानित हिउँ भण्डारको नौ प्रतिशत हिस्सा गुमाएको देखाएको छ । इसिमोडका रिमोट सेन्सिङ विश्लेषक तथा हिमनदी गतिशीलता प्रतिवेदनका मुख्य लेखक सुदनविकास महर्जनका अनुसार सबैभन्दा तत्कालको खतरा यस क्षेत्रका साना हिमनदीहरूबाट छ ।

'सन् १९९० र २०२० को बीचमा हिमनदीले कूल क्षेत्रफलको करिब १२ प्रतिशत हिस्सा गुमाएता पनि यो क्षति ०.५ वर्ग किलोमिटरभन्दा साना हिमनदीहरूमा सबैभन्दा तीव्र छ,' विश्लेषक महर्जनले भने, 'यसले उच्च हिमाली समुदायका लागि स्थानीयस्तरमा पानीको अभावको तत्काल जोखिम निम्त्याउँछ र हिमताल विष्फोटजस्ता खतरालाई तीव्र बनाउँछ । यस क्षेत्रका तीनचौथाइ हिमनदी यही जोखिमपूर्ण आकारमा रहेकाले खतरा झन बढी छ ।'

एचकेएच हिमनदी परिदृश्य प्रतिवेदनले ३८ वटा अनुगमन गरिएका हिमनदीहरूको तथ्यांकलाई संकलन गरेको छ । जसले सन् २००० पछि हिउँको व्यापक ह्रास भएको देखाएको छ । यसले हिमाली हिउँमण्डलका केही भागहरू अपरिवर्तनीय विनाशतर्फको 'टिपिङ पोइन्ट' (निर्णायक मोड) नजिक पुगेको संकेत गर्छ । यद्यपि, प्रतिवेदनले तथ्यांकमा रहेको एउटा ठूलो खाडललाई औंल्याएको छ । ती ३८ मध्ये केवल सातवटाले मात्र विश्व हिमनदी अनुगमन सेवा (डब्लुजिएमएस)को विश्वव्यापी बेञ्चमार्क मापदण्ड पूरा गरेका छन् । काराकोरम, सिक्किम, जान्स्कर र भुटानजस्ता प्रमुख हिमनदी क्षेत्रहरू अझै पनि अनुगमनको दायराभन्दा बाहिर छन् ।

'हामी एक अधुरो नक्साको सहयोगमा तीव्ररूपमा परिवर्तन भइरहेको भविष्यतर्फ अघि बढ्न खोज्दै छौं,' इसिमोडका हिउँमण्डल विशेषज्ञ तथा प्रतिवेदनका लेखकमध्येका एक मोहम्मद फारुक आजमले भने, 'हिमालयको ठूलो हिस्सा अझै पनि अनुगमनको पहुँच बाहिर छ । अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँमण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ । नेपालका 'मेरा' र 'रिखा साम्बा' तथा भारतको छोटा सिग्रीजस्ता प्रतिनिधिमूलक हिमनदीको निरन्तर अनुगमन महत्त्वपूर्ण छ, तिनीहरू सम्पूर्ण पर्वतीय प्रणालीका लागि हाम्रा 'प्रारम्भिक चेतावनी' सूचक हुन् ।'

## सबैभन्दा ठूलो क्षति सिन्धु, गंगा र ब्रह्मपुत्र बेसिनमा

प्रतिवेदनले हिमनदीको क्षति भौगोलिकरूपमा फरक-फरक रहेको देखाएको छ । पूर्वी 'हेंदुआन शान' पर्वतमालामा सबैभन्दा उच्च प्रतिशत ह्रास देखिएको छ, जहाँ केही क्षेत्रले केवल तीन दशकमा ३३ प्रतिशतसम्म हिमनदी क्षेत्र गुमाएका छन् । तर सबैभन्दा ठूलो क्षति सिन्धु, गंगा र ब्रह्मपुत्र बेसिनहरूमा केन्द्रित छ, जहाँ यस क्षेत्रका ७४ प्रतिशतभन्दा बढी हिमनदी अवस्थित छन् ।

१० वर्ग किलोमिटरभन्दा ठूला हिमनदीले यस क्षेत्रको प्राकृतिक जल भण्डारको करिब ४० प्रतिशत हिस्सा ओगटेका छन् । २५ ठूला हिमनदीमध्ये १८ वटा रहेको काराकोरम पर्वत शृंखला दीर्घकालीन जल, खाद्य र विपद् जोखिमका हिसाबले उच्च जोखिममा छ, जसको प्रभाव समग्र क्षेत्रमा पर्ने छ । सन् २०२५ लाई 'हिमनदी संरक्षणको अन्तर्राष्ट्रिय वर्ष' र सन् २०२५-२०३४ लाई 'हिउँमण्डल विज्ञानका लागि कार्य दशक' घोषणा गरिएको सन्दर्भमा यी निष्कर्षहरूले कार्यको तत्काल आवश्यकतालाई गम्भीररूपमा स्मरण गराएका छन् । प्रतिवेदनका लेखकहरूले हिमनदी अनुगमनको दायरा बढाउन, पद्धतिहरूको सुदृढीकरण गर्न र द्रुतरूपमा परिवर्तन भइरहेको हिउँमण्डलको प्रभाव न्यूनीकरणका लागि जलवायु-उत्थानशील अनुकूलन योजनामा ठूलो लगानी गर्न आह्वान गरेका छन् ।

हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्र एसियाभरि तीन हजार ५०० किलोमिटरमा फैलिएको छ । जसले अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानलाई समेट्छ । उच्च हिमाली शृंखला, मध्यपहाडी क्षेत्र र समथर भूभाग समेटिएको यो क्षेत्र झण्डै दुई अर्ब मानिसहरूको खाद्य, जल र ऊर्जा सुरक्षाका लागि महत्त्वपूर्ण छ । *रासस*


## त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०९**

प्रस्तुत विषयमा यस नगरपालिका कार्यालयबाट मिति २०८२/०९/२३ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार तोकिएको मिति भित्र रितपूर्वक पेश हुन आएको बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रहरूको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही देखिएकोले तपसिलका सफल बोलपत्रदाताले पेस गरेको आर्थिक प्रस्ताव मिति २०८२/१२/१६ गते दिनको ११:०० यसै कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ. को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरू |
|---|---|---|---|
| 1. | TM-UDA-NCB-WORKS-22/2082-083 | Construction of Triyuga Park, Tri.Na.Pa.-12, Udayapur. | a) Bhusnamchha Construction<br>b) Mahabir Nirman Sewa |

**प्रमुख प्रशासकीय अधिकृत**



## नेपाल सरकार
## शहरी विकास मन्त्रालय
## शहरी विकास तथा भवन निर्माण विभाग
## सघन शहरी तथा भवन निर्माण आयोजना, राजपुर, डोटी

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/१२/०९**

यस आयोजनाबाट मिति २०८२/१०/२३ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्वन्धी सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनर्थ यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल अंक र मुद्रा रु (पि.एस र मु.अ.कर समेत) |
|---|---|---|---|
| १ | PUDBC/DOTI/WORKS/NCB/14-2082/083 | Ruru Construction Pvt. Ltd., Ktm. | 26641137.95 |
| २ | PUDBC/DOTI/WORKS/NCB/15-2082/083 | CI-NSRD -PARTIK J/V, Bajura (C.I.construction-N.S.R.D. multipurpose Company Pvt. Ltd- Pratik Nirman Sewa and Order Suppliers) | 23770060.55 |
| ३ | PUDBC/DOTI/WORKS/NCB/16-2082/083 | Purna Nirman Sewa, Gotri-4, Bajura | 22310378.65 |
| ४ | PUDBC/DOTI/WORKS/NCB/17-2082/083 | Betalmandu/Om Shiva JV, Bajura (Betalamandu Nirman Sewa & Order Suppliers - Om Shiva Construction and Order Suppliers) | 20406016.99 |

### खरिद प्रकृया रद्द गरिएको सूचना

यस आयोजनाबाट मिति २०८२/०६/१० गतको सौर्य दैनिकमा प्रकाशित सूचना बमोजिम बोलपत्र आव्हान भएका ठेक्का नं. PUDBC/DOTI/WORKS/NCB/10-82/083 / PUDBC/DOTI /WORKS/NCB/13-082/083 को सम्पूर्ण खरिद प्रकृया यस आयोजनाको मिति २०८२/१२/०८ को निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइछ ।



### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **DIGITAL CORNER PVT.LTD** कम्पनीले CHINA र INDIA बाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | मोडल नम्बर | ब्राण्ड | ईकाई | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|
| 1 | LED TV | QLED-EU5553DF | ELISTA | PCS | 85000 |
| 2 | LED TV | LED-EU6551DF | ELISTA | PCS | 125000 |
| 3 | LED TV | LED-EF434OFF A | ELISTA | PCS | 55000 |
| 4 | LED TV | LED-TDH3224SF | ELISTA | PCS | 35000 |
| 5 | Washing Machine | Elista WMS-EEWM-95WAVES | ELISTA | PCS | 50000 |
| 6 | Air Conditioner 1 Ton Inventer | ESAC12KT1HC-O T1 H&C 12K | ELISTA | PCS | 77000 |
| 7 | Air Conditioner 1.5 Ton Inventer | ESAC18KT1HC-O T1 H&C 18K | ELISTA | PCS | 110000 |

बिक्रेताको फर्मको नाम : DIGITAL CORNER PVT.LTD
ठेगाना : Newroad-22, Kathmandu, Nepal
स्थायी लेखा नं : 621266485



## Madhesh Province Government
## Ministry of Health and Population
## Province Health Logistic Management center
Janakpurdham, Dhanusha

### Invitation for Electronic Bids

**Date of Publication: 23rd March, 2026**

1. Ministry of Health & Population, Province Health Logistic Management Center, Madhesh Pradesh Government, Janakpurdham, Dhanusha has allocated funds to cover eligible payments under the Contracts for MP/PHLMC/NCB/GOODS-6/2082-083. Bidding is open to all eligible Bidders.

1. The **Province Health Logistic Management Center, Janakpurdham.** invites **electronic** bids from eligible bidders for the procurement of **MP/PHLMC/NCB/GOODS-6/2082-083.; The Procurement and Supply of Ayurved Medicine.** Under National competitive bidding – Single Stage Single Envelope procedures**.**

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Province Healtn Logistic management Center Janakpurdham, dhanusha** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.

| | |
|---|---|
| **NameofBank:** | Rastriya Banijya Bank, Janakpurdham |
| **NameofOffice** | Province Health Logistic Management Centre, Janakpurdham, Dhanusha |
| **OfficeCodeNo:** | 3700317012 |
| **RevenueHeadNo:** | 14229 |
| **RevenueNo:** | 1000200010000 |

3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .

4. Pre-bid meeting shall be held at **Province Health Logistic Management Center Janakpurdham** at **7th Apr. 2026**

5. Electronic bids must be submitted to the office **Province Health Logistic Management Center Janakpurdham** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 Noon*** on **22nd Apr. 2026** Bids received after this deadline will be rejected.

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00** PM on **22nd Apr. 2026**at the office of ***Province Health Logistic Management Center, Janakpurdham.*** Bids must be valid for a period of **120 Days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs**. 200000.00** which shall be valid for 30 days beyond the validity period of the bid 90 Days.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

8. The name and identification of the contracts (*packages/Lots*) are as follows:

| S. N. | Contract Identification No. | DescriptionofItems | Cost of Bidding document (NRs) | Amount of Bid Security (NRs) | Qty |
|---|---|---|---|---|---|
| 1. | MP/PHLMC/NCB/GOODS-6/2082-083 | The procurement and Supply of Ayurved Medicine. | 3,000.00 | 200000.00 | AsPer BOQ |

**Director**

# प्रभाव दैनिक

सोमबार, ०९ चैत २०८२ (Monday, 23 March 2026)





## 'मगर्नीको तीनपाने भाग २' बजारमा


गायक तथा सर्जक वसन्त लम्सालको 'मगर्नीको तीनपाने भाग २' गीत बजारमा आएको छ । मगर र गुरूङ समुदायको सांस्कृतिक मिठासलाई एउटै कथामा समेटिएको उनको नयाँ गीत युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । यस गीतमा मनोरञ्जनसँगै सामाजिक सन्देशलाई पनि प्रभावकारी ढंगले प्रस्तुत गरिएको छ । गीतमा विश्वास नेपालको संगीत संयोजन, लम्सालसँगै सपना गाहा र सम्झना रणपालको स्वर रहेको छ ।




# निफको उद्घाटनमा आउँदै 'शोले'का निर्देशक सिप्पी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को उद्घाटन समारोहमा भारतका चर्चित निर्देशक, निर्माता एवं कलाकार रमेश सिप्पी विशेष उपस्थित हुने भएका छन् । निफका अध्यक्ष केपी पाठकका अनुसार उनी उद्घाटन कार्यक्रममा विशेष उपस्थिति जनाउन नेपाल आउने पक्का भएको हो । निफमा सहभागी हुने निर्देशक सिप्पीले भारतीय फिल्मको यात्रा, आफ्नो फिल्मी यात्रा र अनुभवबारे नेपाली फिल्म निर्माता र दर्शकमाझ साझा गर्ने कार्यक्रम पनि राखिएको अध्यक्ष पाठकले जनाए ।




पाठकले भने, 'नेपाली-भारतीय मेकरहरूको सम्बन्ध विस्तार र दिग्गज व्यक्तित्वको अनुभवले भारतीय फिल्म मेकिङको अनभुवले नेपाली मेकरहरूलाई बलिउड बजारबारे पक्कै केही जानकारी मिल्ने भएकाले उनलाई निफमा ल्याउने प्रस्ताव गरेका थियौं । उहाँले स्वीकार गर्नुभयो ।' सिप्पीले एक दर्जनभन्दा बढी फिल्म निर्देशन गरेका छन् । बलिउडमा काशेढुंगाका रूपमा साबित भएको फिल्म 'शोले' उनकै निर्देशनमा बनेको हो । पछिल्लो समय उनले निर्देशन गरेको फिल्म 'सिम्ला मिर्ची' सन् २०२० मा प्रदर्शनमा आएको थियो । उनी दर्जनौं फिल्मको निर्माता र केही फिल्ममा कलाकारसमेत बनेका छन् ।

सिप्पीले आफ्नो निर्देशनमा बनेका फिल्महरूमा शाहरूख खान, अमिताभ बच्चन, सञ्जय दत्त, ज्याक्की श्रफ, मिथुन चक्रवर्ती, ऋषि कपुर, दीलिप कपुर, शशी कपुर, धर्मेन्द्र र राजेश खन्नालगयातका बलिउड स्टारलाई अभिनय गराएका छन् ।

नवौं संस्करणको निफ चैत १९ बाट काठमाडौं हुँदै छ । आयोजकका अनुसार निफमा ४० देशका ८८ फिल्म देखाइनुका साथै फरक-फरक विषयमा १० वटा अन्तर्क्रियात्मक कार्यक्रम गरिने छ ।

# 'ठमेलका सम्पदाहरू' सार्वजनिक

**काठमाडौं (प्रस)–** संघीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेल क्षेत्रका सम्पदाहरूलाई समेटेर तयार पारिएको 'ठमेलका सम्पदाहरू' पुस्तक सार्वजनिक गरिएको छ ।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव धमलाको सक्रियतामा नीति अनुसन्धान प्रतिष्ठान नेपालद्वारा प्रकाशित पुस्तक आइतबार सार्वजनिक गरिएको हो । ठमेलभित्रका एक दर्जनभन्दा बढी सम्पदालाई समावेश गरिएको उक्त पुस्तकमा सम्पदाको खोज अनुसन्धानकर्ता प्रकृति अधिकारीले गरेकी छन् ।

पुस्तकमा ठमेलभित्रका ठमेलेश्वर मन्दिर, मैत्रीपुर महाविहार, नाट्टेश्वर, त्रिदेवी मन्दिर, अशोक चैत्य, भगवान बहालको बारेमा वर्णन गरिएको छ । यस्तै, भगवती मन्दिर, भिमसेनपाटी, गाःहिटी, गुणाकर महाविहार, करुणापुर महाविहार, तःहिटी चैत्य, श्री गाहा चैत्यको बारेमा खोज अनुसन्धान गरिएको छ ।

ठमेल व्यापारिक केन्द्रमात्र नभई नेपालको जीवित सांस्कृतिक सम्पदाको क्षेत्र पनि हो । यहाँ प्राचीन परम्परा, नेवार संस्कृति, बौद्ध तथा हिन्दू आस्थाको सम्मिश्रण पाइन्छ । ठमेलका गल्लीमा पाइने हस्तकला, परम्परागत वास्तुकला, स्थानीय परिकार, सांगीतिक वातावरण तथा उत्सवको विविधता यस क्षेत्रको सांस्कृतिक गहिराइको प्रमाण भएको पर्यटन व्यवसायीहरू बताउँछन् । ठमेल आउने पर्यटकले घुमघाममात्र नगरी यहाँको जीवनशैली र सम्पदासँग प्रत्यक्ष अन्तर्क्रियासमेत गर्दछन् ।

पुस्तक विमोचन समारोहमा ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष धमलाले नेपाल घुम्न आउने विदेशी पर्यटकलाई ठमेल क्षेत्रभित्रका सम्पदाको बारेमा जानकारी दिन पुस्तक प्रकाशन गरिएको बताए । कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठान नेपालका अध्यक्ष डा. प्रेमराज न्यौपानेले ठमेलको सांस्कृतिक सम्पदालाई विश्वमाझ चिनाउनका लागि यस्ता पुस्तकबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा ठमेल पर्यटन विकास परिषद्का पूर्वअध्यक्ष डा. रामशरण थपलिया, काठमाडौं महानगरपालिका-२६ का पूर्ववडाअध्यक्ष विश्वम्भरलाल प्रधानलगायतले ठमेल क्षेत्रमा लुकेका सम्पदालाई बाहिर ल्याएर राम्रो कामको थालनी भएको बताए ।

## रंगशाला

### प्रधानमन्त्री कप क्रिकेट

# बागमतीमाथि एपिएफको जित

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपिएफ क्लबले बागमती प्रदेशलाई पराजित गरेको छ ।




माथिल्लो मूलपानी क्रिकेट मैदानमा आइतबार भएको खेलमा एपिएफले बागमती प्रदेशलाई ७१ रनले पराजित गरेको हो । २७२ रनको लक्ष्य पछ्याएको बागमती प्रदेशको पारी ४५.१ ओभरमा सबै विकेट गुमाउँदै २०० रनमै समेटियो । बागमतीका लागि विवेक मगरले ३४ रन, उत्तम मगरले २६, सुबास खत्रीले २७ रन तथा रिजन ढकालले अविजित २० रन जोडे ।

बलिङतर्फ एपिएफका रोहित पौडेल र अभिषेक गौतमले तीन/तीन तथा युवराज खत्री, नन्दन यादव र कमलसिंह ऐरीले एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको एपिएफले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २७१ रन बनायो । एपिएफका लागि आसिफ शेखले सर्वाधिक ११४ रनको योगदान दिए । उनले १४ चौका र तीन छक्का प्रहार गरे । त्यस्तै सन्दीप जोराले ५२, लोकेश बमले २९, युवराज खत्रीले अविजित २६ तथा कप्तान रोहित पौडेलले नौ रन बनाए । बलिङतर्फ बागमतीका रिजन ढकालले चार, इसान पाण्डेले दुई तथा सन्दिप लामिछाने र सोनु देवकोटाले एक/एक विकेट लिए ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब तथा सात प्रदेश सहभागी छन् । शनिबारदेखि सुरु भएको प्रतियोगिताको विजेताले १० लाख रूपैयाँ तथा उपविजेताले पाँच लाख रूपैयाँ प्राप्त गर्ने छन् ।

# बसाहा क्लबलाई उपाधि

**सुनसरी (प्रस)–** पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको स्मृतिमा आयोजित तेस्रो अन्तर्राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको उपाधि बसाहा क्लब उदयपुरले जितेको छ ।

इटहरीस्थित जनता कलेजको खेल मैदानमा आइतबार सम्पन्न फाइनल खेलमा बसाहा क्लबले लोहोरुङ एफसी संखुवासभालाई १-० गोल अन्तरले पराजित गरेको हो । जितसँगै बसाहा क्लबले चार लाख चार हजार रूपैयाँ पुरस्कार प्राप्त गरेको छ । उपविजेता लोहोरुङ एफसीले दुई लाख दुई हजार रूपैयाँ प्राप्त गरेको आयोजक क्लबका सचिव विज्ञान राईले जानकारी दिए ।

बसाहा क्लबका रितेश तामाङले खेलको २६औं मिनेटमा गरेको गोल नै फाइनल खेलको निर्णायक बन्यो । यस खेलमा उत्कृष्ट खेलाडी तामाङ नै घोषित भए । उनले २० हजार रूपैयाँ प्राप्त गरे । खेलको 'म्यान अफ दि म्याच' लोहोरुङ एफसीका मिलन लिम्बू घोषित भए । उनले पाँच हजार ५०० रूपैयाँ पाए ।

यसैगरी, बसाहा क्लबका मञ्जिल खड्का उत्कृष्ट डिफेन्डर, लोहोरुङ एफसीका विवेक राई उत्कृष्ट मिडफिल्डर, बसाहा क्लबकै केशव राई उत्कृष्ट प्रशिक्षक, द योङ ब्रदर्श क्लबका सविन घिमिरे उदीयमान खेलाडी तथा बसाहा क्लबका सन्दीप भट्टराई उत्कृष्ट गोलकिपर घोषित भए । उनीहरूले जनही १० हजार रूपैयाँ पाए ।

गत फागुन ३० गतेदेखि सुरु भएको उक्त प्रतियोगितामा केराबारी फुटबल क्लब मोरङ, जलथल फुटबल क्लब हल्दिबारी झापा, लोहोरुङ एफसी संखुवासभा, चुतन स्पोर्टिङ क्लब तेह्रथुम, बसाहा क्लब उदयपुर, न्यु स्टार क्लब बराहक्षेत्र, आयोजक द योङ ब्रदर्श क्लब तथा भारतको कञ्चनजंघा फुटबल क्लबको सहभागिता रहेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६०/०९/०३ मा दर्ता भएको प्रा.लि.नं. २६३५१ को **रेशुङ्गा इङ्गलिस बोर्डिङग स्कूल गुल्मी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभामा उपस्थित हुन आउने ७ (सात) दिने पुनः सूचना**

**कम्पनी रजिष्ट्रर्ड कार्यालयको मिति २०८२/१०/२९ गतेको निर्देशानुसार प्रभाव दैनिक पत्रिकामा मिति २०८२/११/७ मा प्रकाशित सूचना बमोजिम बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगी सभा हुन नसकेकोले नियमावलीको नियम १०(४) बमोजिम यस मल्टीपावर कन्स्ट्रक्शन कम्पनी प्रा.लि.को आ.व. २०८०/०८१ र २०८१/०८२ को वार्षिक साधारण सभा कम्पनीको रजिष्टार्ड कार्यालय नयाँ बानेश्वर आलोक नगर मार्गमा मिति २०८२/१२/१६ गतेका दिन सञ्चालक समितिको गठन, लेखा परीक्षकको नियुक्ति तथा वार्षिक प्रगति विवरणको अनुमोदन सम्बन्धमा छलफल गरिने हुँदा दिनको १०:३० बजे सम्पूर्ण शेयर होल्डर सदस्यहरूलाई उपस्थित हुन अनुरोध ।**

**गोलिया काठको बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०९ गते**

ललितपुर जिल्लाका तपसिल बमोजिमका सामुदायिक वन क्षेत्रमा संकलन भएका वन पैदावार जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | सामुदायिक वन समूहको नाम ठेगाना | प्रजाति | परिमाण |
|---|---|---|---|
| १ | गोदामचौर सामुदायिक वन उपभोक्ता समूह, गोदावरी १, ललितपुर | उत्तिस समेत | गो. थान २२० को ६७१.२२ क्यू.फि. काठ |
| २ | नौधारा सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ०३, ललितपुर | उत्तिस समेत | गो. थान २३८ को ११८६.८९ क्यू.फ. काठ |

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nepal International Overseas Pvt.ltd.** इजाजत नम्बर ६३२/०६३/६४ मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.स | नाम | ना.प्र.नं. |
|---|---|---|
| १. | शरद अधिकारी | १७११/०३४/३३७८९ |
| २. | कुशल भण्डारी | १०८ |
| ३. | शान्ति राई | १२१०४८/१२९/०६८/६९ |
| ४. | विक्रम राई | ०९१०१२/९४४ |
| ५. | सदिश पोखरेल | ३५-०१-८२-००८९० |
| ६. | निर्जला जोशी | २७-०१-७९-१३१४८ |
| ७. | सुजन अधिकारी | |

NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel : 015901301, 015906301, 9862267779
Email : nepalinternational18@gmail.com, info@niopl.com Web: www.niopl.com

**साउदीमा रोजगार** कम्पनी : GULF MODEL GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०८/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१५ LT. No. 333827 चलानी नं. ६०२४७६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 2500 | ९९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**मलेसियामा रोजगार** कम्पनी : MADELEINE PATISSERIE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 338568 चलानी नं. ६०२५३५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 5 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TAIBAE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340117 चलानी नं. ६०२५३५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 10 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

All Skills International Human Resource Pvt.ltd. श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**मलेसियामा रोजगार** कम्पनी : TIMES OFFSET SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340175 चलानी नं. ६०२५३५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PLUSTAR TECHNOLOGY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340176 चलानी नं. ६०२५३५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator/General Workers | 36 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

B.M. Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ३८५/०५९/०६०
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

**युएइमा रोजगार** कम्पनी : NATIONAL CATERING COMPANY LIMITED- SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 304961 चलानी नं. ६०२१९७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Room boy | 18 | 0 | 1000 | ४०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salad Maker | 8 | 0 | 1100 | ४४,७८५ | | | | | | | |
| 3 | Waiter | 15 | 0 | 1000 | ४०,७१० | | | | | | | |
| 4 | Cleaner | 0 | 47 | 800 | ३२,५७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD. Govt. License No. 1688/080/081
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np

**मलेसियामा रोजगार** कम्पनी : INSULFLEX CORPORATION SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ LT. No. 340158 चलानी नं. ६०२५३५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1700 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ चैत १६ गते (30th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

ICONIC HR CONSULTANT PVT LTD Govt. Licence No. 1760/081/082
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9816572430, 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com

**जापानमा रोजगार** कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATION

पूर्व स्वीकृति मिति : २०८२/१२/03 LT. No. 340056 चलानी नं. ६०२५३५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation And Hospitality Manager | 1 | 3 | 187200 | १७६८०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATION

पूर्व स्वीकृति मिति : २०८२/१२/03 LT. No. 340057 चलानी नं. ६०२५३५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation And Hospitality Manager | 1 | 3 | 187200 | १७६८०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATION

पूर्व स्वीकृति मिति : २०८२/११/२८ LT. No. 339965 चलानी नं. ६०२५३५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation Attendant | 2 | 3 | 178530 | १६८६१२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATION

पूर्व स्वीकृति मिति : २०८२/११/२८ LT. No. 339966 चलानी नं. ६०२५३५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation Attendant | 0 | 2 | 187200 | १७६८०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/११/२८ LT. No. 339964 चलानी नं. ६०२५३५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation Attendant | 3 | 3 | 178530 | १६८६१२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा काम जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ चैत १६ गते (30th March 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd. श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com



पूर्वी चीनको सांघाईमा रहेको सांघाई डिज्नील्याण्डमा आतिशबाजी प्रदर्शन गरिँदै । *तस्विरः सिन्हुवा*

# डार्फर अस्पताल आक्रमणमा ६४ को मृत्यु

**कायरो–** युद्धग्रस्त सुडानमा स्वास्थ्य संरचनामाथिको आक्रमण थप भयावह बन्दै गएको छ । यहाँ पश्चिमी डार्फर क्षेत्रको एक अस्पतालमा गरिएको प्रहारमा कम्तीमा ६४ जनाको ज्यान गएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। मृतकमध्ये १३ जना बालबालिका रहेका छन्, जसले द्वन्द्वको मानवीय मूल्य अझ गम्भीर बनाएको छ ।

विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस गेब्रेयससका अनुसार गत शुक्रबार पूर्वी डार्फरको अल डेइन शिक्षण अस्पतालमा भएको आक्रमणमा कम्तीमा ८९ जना घाइते भएका छन् । आक्रमणपछि अस्पताल पूर्णरूपमा निस्क्रिय बनेको छ, जसले घाइते र बिरामीहरूको उपचारमा गम्भीर संकट सिर्जना गरेको छ ।

सुडान सन् २०२३ अप्रिलदेखि गम्भीर द्वन्द्वमा फसेको छ । यस मुलुकमा नियमित सेना र अर्धसैनिक द्रुत समर्थन बलबीचको शक्ति संघर्ष व्यापक युद्धमा परिणत भएको छ । यही द्वन्द्वकै क्रममा नागरिक पूर्वाधार, विशेषगरी स्वास्थ्य संस्थाहरू बारम्बार निशानामा पर्दै आएका छन् ।



अस्पतालमा भएको यस पछिल्लो आक्रमणका विषयमा दुवै पक्षले एकअर्कामाथि आरोप-प्रत्यारोप गरेका छन् । द्रुत समर्थन बलले उक्त आक्रमण सेनाबाट भएको दाबी गरेको छ भने सेनाले अस्पतालमा आक्रमण गरिएको अस्वीकार गरेको छ । यद्यपि, दुई जना सैन्य अधिकारीहरूले भने नजिकै रहेको प्रहरी चौकीलाई लक्षित गरिएको आक्रमण भएको बताएका छन् । उनीहरूले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा यसबारे जानकारी दिएका हुन् ।

संयुक्त राष्ट्रसंघका तथ्यांकअनुसार हालसम्मको युद्धमा ४० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ, तर विभिन्न सहायता संस्थाहरूले वास्तविक संख्या अझ धेरै हुन सक्ने बताएका छन् । विश्व स्वास्थ्य संगठनका अनुसार युद्ध सुरु भएयता स्वास्थ्य संस्थामाथि भएका आक्रमणमामात्र दुई हजारभन्दा बढी मानिसको ज्यान गएको छ ।

यसै सन्दर्भमा टेड्रोस गेब्रेयससले सुडानमा भइरहेको हिंसात्मक द्वन्द्व तत्काल कम गर्न आग्रह गरेका छन् । उनले 'अब पर्याप्त रगत बगिसकेको छ, पर्याप्त पीडा भोगिएको छ, अब द्वन्द्व कम गर्ने समय आएको छ' भन्दै अन्तर्राष्ट्रिय समुदायलाई गम्भीर ध्यान दिन आह्वान गरे । *रासस/एपी*

# 'व्यापार विस्तार' मा चीनको जोड



**बेइजिङ–** विश्वव्यापी व्यापारमा बढ्दो तनाव र संरक्षणवादी नीतिहरूबीच चीनले आफूलाई खुला अर्थतन्त्रको पक्षधरका रूपमा प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय 'व्यापार पाइ' विस्तारमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेको छ । चिनियाँ प्रधानमन्त्री ली किआङले आइतबार बेइजिङमा आयोजित एक उच्चस्तरीय मञ्चमा यस्तो धारणा राखेका हुन् ।

चीनको दोस्रो वरीयताका नेतासमेत रहेका उनले देशले उच्चस्तरीय खुलापनलाई निरन्तर अगाडि बढाउने, गुणस्तरीय विदेशी वस्तुहरूको आयात विस्तार गर्ने तथा सन्तुलित र समन्वित व्यापार वृद्धिका लागि अन्य देशहरूसँग सहकार्य गर्ने बताए । उनले विश्व अर्थतन्त्रलाई समग्र रूपमा ठूलो बनाउने दिशामा चीन तयार रहेको पनि स्पष्ट पारे ।

ली किआङले वार्षिक चाइना डेभलपमेन्ट फोरमको उद्घाटन सत्रमा बोल्दै बढ्दो एकपक्षीयता र संरक्षणवादप्रति असन्तुष्टि व्यक्त गरे । उनका अनुसार यस्ता प्रवृत्तिहरूले विश्व व्यापारका चुनौतीहरू समाधान गर्ने प्रभावकारी माध्यम प्रदान गर्न सक्दैनन् र बरु जटिलता थप्छन् ।

उक्त मञ्चमा एप्पलका प्रमुख कार्यकारी अधिकृत टिम कुकसहित विश्वका प्रमुख बहुराष्ट्रिय कम्पनीका उच्च अधिकारीहरूको सहभागिता रहेको थियो । यसले चीनसँगको आर्थिक सहकार्यप्रति अन्तर्राष्ट्रिय चासो कायमै रहेको संकेत गर्दछ ।

चीनका प्रमुख व्यापारिक साझेदारहरूले पछिल्लो समय बेइजिङमाथि व्यापार अधिशेष घटाउन दबाब दिइरहेका छन् । यद्यपि, यस वर्षको पहिलो दुई महिनामा चीनको व्यापार झण्डै पाँचौं भागले वृद्धि भएको आधिकारिक तथ्यांकले देखाएको छ, जसले पूर्वानुमानलाई समेत उछिनेको छ ।

कोभिड-१९ महामारीपछि कमजोर बनेको आन्तरिक अर्थतन्त्रलाई पुनः सन्तुलनमा ल्याउने प्रयासमा रहेको चीनले विशेषगरी घरेलु उपभोग वृद्धि गर्न ध्यान केन्द्रित गरेको छ । यद्यपि, उपभोक्ता गतिविधिमा सुस्तता कायम रहेकाले निर्यात वृद्धिले अर्थतन्त्रलाई केही राहत दिएको छ ।

यसैबीच, अमेरिकासँगको व्यापारिक तनाव अझै कायम छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनसहितका देशहरूमा कर लगाउने नीति अघि बढाएपछि गत वर्ष दुई देशबीच व्यापार युद्ध चर्किएको थियो, जसको प्रभाव अझै विश्व अर्थतन्त्रमा देखिन्छ । मध्यपूर्वमा इरानमाथि अमेरिका र इजरायलको आक्रमणपछि उत्पन्न द्वन्द्वले पनि विश्व व्यापार र ऊर्जा सुरक्षामा असर पारिरहेको छ । विशेषगरी तेल आपूर्तिमा निर्भर चीनका लागि यो अवस्था थप संवेदनशील बनेको छ ।

ली किआङले अन्तर्राष्ट्रिय नियममा आधारित व्यापार प्रणाली अहिले शक्तिको राजनीति र अस्थिरताबाट प्रभावित भइरहेको उल्लेख गर्दै यसलाई सुदृढ बनाउन सामूहिक प्रयास आवश्यक रहेको बताए । यसअघि शनिबार चिनियाँ उपप्रधानमन्त्री हे लिफेङले एचएसबिसी, युबिएस, स्नाइडर इलेक्ट्रिक र स्टचाण्डर्ड चार्टर्डजस्ता बहुराष्ट्रिय कम्पनीका वरिष्ठ प्रतिनिधिहरूसँग भेटवार्ता गर्दै आर्थिक सहकार्यका विषयमा छलफल गरेका थिए । *रासस/एएफपी*

होर्मुज तनाव चर्किँदै

# ट्रम्पले दिए ४८ घण्टे अल्टिमेटम, कडा प्रतिवाद गर्ने इरानको चेतावनी




**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई ४८ घण्टाभित्र स्टेट अफ होर्मुज क्षेत्र पूर्णरूपमा खुलाउन चेतावनी दिएका छन् । उनले शनिबार सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत यदि इराने होर्मुज क्षेत्र पूर्णरूपमा खुला नगरे इरानी पावर प्लान्टहरू ध्वस्त पार्ने चेतावनी दिएका छन् । 'सबैभन्दा ठूलो पावर प्लान्टदेखि सुरु गरेर सबै ध्वस्त पारिने छ,' ट्रम्पको चेतावनी छ ।

होर्मुज क्षेत्र विश्वव्यापी ऊर्जा र व्यापार मार्गका लागि अत्यन्त महत्त्वपूर्ण छ । यस मार्गबाट विश्वको करिब २० प्रतिशत तेल र प्राकृतिक ग्यास आपूर्ति हुन्छ । क्षेत्रीय तनाव हाल उच्च स्तरमा पुगेको छ ।

इरानको मुख्य सैन्य कमाण्डले चेतावनी दिँदै यदि यसको ऊर्जा पूर्वाधारमा हमला गरियो भने संयुक्त राज्य अमेरिका र इजरायली ऊर्जा, सूचना प्रविधि र जलमिटान पूर्वाधारमा प्रतिकार गरिने जनाएको छ । ट्रम्पको धम्की त्यतिबेला आएको हो, जब उनले गत शुक्रबार अमेरिकी सेना मध्यपूर्वमा सञ्चालन कम गर्ने विषय विचार गर्दै रहेको बताएका थिए । तर उनले तेहरानसँग कुनै युद्धविराम गर्ने तयारी नगरेको पनि स्पष्ट पारेका छन् ।

साथै, संयुक्त अमेरिकी(इजरायली अभियान चौथो साता प्रवेश गरेको छ, जसले विश्वव्यापी जल यातायातमा अवरोध ल्याएको छ र तेलको मूल्यमा तीव्र वृद्धि भएको छ । तेलको मूल्य करिब ५० प्रतिशतले बढेको छ । अमेरिकाको खजाना विभागले ३० दिनका लागि इरानी तेलमाथि प्रतिबन्ध अस्थायी रूपमा हटाएको छ, ताकि होर्मुज क्षेत्रमा अवरोधका कारण तेल आपूर्ति प्रभावित नहोस् ।

इरानी परराष्ट्रमन्त्रीले भने, 'होर्मुज बन्द गरिएको छैन, तर विरोधी देशका जहाजमा केही प्रतिबन्ध लगाइएको छ ।' इरान अन्य देशका जहाजलाई सुरक्षितरूपमा मार्गप्रशस्त गर्न तयार रहेको पनि उनले बताएका छन् । *रासस/सिन्हुवा*

## अमेरिका संलग्न संरचनामाथि प्रतिआक्रमणको चेतावनी

**तेहरान–** मध्यपूर्वमा बढ्दो सैन्य तनावबीच इरानले अमेरिकी चेतावनीको कडा प्रतिवाद गर्दै आफ्ना पूर्वाधारमा कुनै पनि आक्रमण भए मध्यपूर्व क्षेत्रभरिका रणनीतिक संरचनामाथि प्रतिआक्रमण गर्ने स्पष्ट संकेत दिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य खुला नगरे शक्तिशाली प्रहार गर्ने चेतावनी दिएसँगै परिस्थितिले थप जटिल मोड लिएको छ ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत इरानलाई ४८ घण्टाको समयसीमा दिँदै जलडमरूमध्य खुला नगरे देशका प्रमुख पावर प्लान्टहरूलाई लक्षित गरी 'नष्ट गर्ने' चेतावनी दिएका थिए । त्यसको प्रत्युत्तरमा इरानको सैन्य परिचालन कमाण्डले अमेरिकासँग सम्बन्धित ऊर्जा, सूचना प्रविधि तथा डिसेलिनेसन पूर्वाधारहरू क्षेत्रभरि निशानामा पर्ने चेतावनी दिएको छ ।

यसैबीच, इरानले नताञ्जस्थित आणविकस्थलमा भएको आक्रमणपछि दक्षिणी इजरायलका अराद र डिमोना सहरमा क्षेप्यास्त्र प्रहार गरेको छ । इजरायली हवाई सुरक्षालाई पार गर्दै प्रहार गरिएका मिसाइलहरूले आवासीय संरचनामा क्षति पुऱ्याएका छन् भने १०० भन्दा बढी मानिस घाइते भएका छन् । डिमोनामा रहेको संवेदनशील आणविक क्षेत्रमा नजिकै प्रहार हुँदा थप चिन्ता बढेको छ, यद्यपि इजरायलले आफ्नो आणविक क्षमताबारे औपचारिकरूपमा स्वीकार गरेको छैन ।

इजरायलले यसको जवाफस्वरूप तेहरानमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ । तीन हप्तादेखि जारी द्वन्द्वमा यो आक्रमण सबैभन्दा विनाशकारीमध्ये एक मानिएको छ । अरादमा विस्फोटपछि उद्धारकर्मीहरूले भग्नावशेषबाट घाइतेहरूको खोजी गरिरहेका दृश्यहरू सार्वजनिक भएका छन् । स्थानीय बासिन्दाहरूले विस्फोटको भयावह अनुभव सुनाएका छन् ।

यस तनावको केन्द्रमा रहेको होर्मुज जलडमरूमध्य विश्व अर्थतन्त्रका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग हो । यहाँबाट विश्वको झण्डै पाँचौं भाग कच्चा तेल ओसारपसार हुने गर्दछ । हालको अवरोधका कारण अन्तर ाष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल १०५ डलरभन्दा माथि पुगेको छ, जसले आर्थिक अस्थिरताको संकेत दिएको छ ।

ट्रम्पले नाटो सहयोगीहरूको आलोचना गर्दै जलडमरूमध्य सुरक्षित गर्न सक्रिय भूमिका खेल्न आग्रह गरेका छन् । बेलायत, फ्रान्स, इटाली, जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स र बहराइनसहित २२ राष्ट्रले इरानद्वारा जलमार्ग अवरुद्ध गरिएको भन्दै विरोध जनाएका छन् । अमेरिकी सेन्ट्रल कमाण्डका अनुसार हालै इरानका तटीय भूमिगत संरचनामाथि बंकर-बस्टिङ बम प्रहार गरिएको छ, जसले इरानको समुद्री मार्ग नियन्त्रण क्षमतामा केही हदसम्म असर पारेको दाबी गरिएको छ । यसैबीच हजारौं अमेरिकी सैनिकहरू मध्यपूर्वतर्फ परिचालन भइरहेका छन् ।

इरानले खाडी क्षेत्रका देशहरूलाई पनि निशाना बनाउँदै आएको छ । साउदी अरेबियाले रियाद नजिक तीनवटा ब्यालेस्टिक मिसाइल फेला परेको र तीन ड्रोन खसालिएको जनाएको छ । संयुक्त अरब इमिरेट्सले पनि इरानी आक्रमणको प्रतिकार गरेको बताएको छ । त्यस्तै, इरानले डिएगो गार्सियास्थित अमेरिका-बेलायत सैन्य अड्डामाथि लामो दूरीको मिसाइल प्रहार गर्ने प्रयास गरेको दाबी गरिएको छ, यद्यपि त्यो असफल भएको जनाइएको छ ।

विश्लेषकहरूका अनुसार इरानको सैन्य क्षमता अपेक्षा गरिएकोभन्दा बढी टिकाउ देखिएको छ । शीर्ष नेतृत्वमा क्षति पुगे पनि सरकार र सैन्य संरचनाले लचकता प्रदर्शन गरेको ठानिएको छ।यस तनावपूर्ण अवस्थाबीच इरानमा रमजानको अन्त्य र नौरोज पर्व मनाइएको छ । सर्वोच्च नेता परिवर्तनपछि सार्वजनिकरूपमा कम देखिएका छन् भने धार्मिक गतिविधिहरू अन्य नेतृत्वमार्फत सम्पन्न भइरहेका छन् । *रासस/एएफपी*


## जानकी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**दुर्गौली, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको लागि आशयको सूचना**

(प्रकाशित मिति : २०८२/१२/०९ गते)

यस कार्यालयको मिति २०८२/०९/३० मा प्रभात राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८२/१२/०६ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | न्यूनतम मूल्याक्तित कबोल अंक मू.अ.कर सहित रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/JRM/ W/04/ 2082/083 | Supply, delivery and installation of Smart Street Lighting System work at Durgauli Bazar, Janaki-1, Kailali | Karmada Trade & Suppliers Pvt.Ltd., Tokha-8, Baniyatar, Kathamndu | १४,२४,९४२।२२ | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८२००० | प्रति तोला – ० | प्रति तोला – ४५४० |



**फूलका बिरुवा** | काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी हलमा आयोजना गरिएको २७औं फ्लोरा एक्स्पो–२०८२ को आइतबार अन्तिम दिन बिक्रीका लागि राखिएका विभिन्न प्रजातिका फूलका बिरुवाहरू । *तस्बिरः रासस*

## आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब ११ खर्ब रूपैयाँको व्यापार घाटा बेहारेको छ । भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकमा १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख रूपैयाँ घाटा देखिएको हो ।

उक्त अवधिमा कूल १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाख रूपैयाँको वैदेशिक व्यापार भएको तथ्यांकमा उल्लेख छ । पछिल्लो आठ महिनामा १२ खर्ब ८९ अर्ब २५ करोड रूपैयाँको आयात र एक खर्ब ९१ अर्ब ११ करोड २० लाख रूपैयाँबराबरको निर्यात भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२.५४ र निर्यात २९.८३ प्रतिशतले बढेको छ । गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटामात्र पाँच खर्ब ६७ अर्ब ३९ करोड रूपैयाँ छ । यस अवधिसम्ममा भारतबाट सात खर्ब २४ अर्ब छ करोड रूपैयाँको वस्तु आयात भएको छ भने एक खर्ब ५६ अर्ब ६६ करोड रूपैयाँबराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाख रूपैयाँको आयात र ९८ करोड ३३ लाख रूपैयाँको निर्यात हुँदा दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाख रूपैयाँको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इण्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्याण्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग ५० करोड ६५ लाख रूपैयाँ, नर्वेसँग तीन करोड ३३ लाख रूपैयाँ र आइसल्याण्डसँग दुई करोड ५७ लाख रूपैयाँबराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा ८२ अर्ब १० करोड ५१ लाख रूपैयाँको डिजेल, ४३ अर्ब ८९ करोड ७३ लाख रूपैयाँको पेट्रोल र ३७ अर्ब ३१ करोड ३७ लाख रूपैयाँबराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, ८१ अर्ब १८ करोड ६४ लाख रूपैयाँबराबरको कच्चा भटमास तेल आयात भएको छ भने २९ अर्ब ९३ करोड ५९ लाख रूपैयाँबराबरको स्मार्टफोन, ३६ अर्ब ८२ करोड ३० लाख रूपैयाँको फलामजन्य वस्तु, २३ अर्ब ४९ करोड ६७ लाख रूपैयाँको सुन, १८ अर्ब ४४ करोड ७८ लाख रूपैयाँको चाँदी आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा ७५ अर्ब ७७ करोड ४१ लाख रूपैयाँबराबरको भटमास तेल निर्यात भएको छ । त्यस्तै, नौ अर्ब ४९ करोड ६१ लाख रूपैयाँको अलैंची, छ अर्ब ५३ करोड ९६ लाख रूपैयाँको कार्पेट, छ अर्ब २० करोड २३ लाख रूपैयाँको सूर्यमुखी तेल, चार अर्ब ३२ करोड रूपैयाँको पाम तेल निर्यात भएको छ ।

राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

## नीतिगत सुधार र उद्यमशीलतामा जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'उद्यमशीलता फैलाऔं, युवालाई स्वरोजगार बनाऔं' मूल नारासहित पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आइतबारदेखि काठमाडौंमा सुरु भएको छ । नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आएका प्रमुख संस्थाहरूको सक्रिय पहल तथा स्वावलम्बन विकास केन्द्रको संयोजनमा सम्मेलन आयोजना गरिएको हो ।

सम्मेलनमा नियामक निकायका प्रतिनिधि, नीति निर्माता, सरकारी उच्च अधिकारी, लघुवित्त संस्थाका अध्यक्ष तथा सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लघुवित्तकर्मी तथा सेवाग्राही सदस्यसहित ६०० भन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ । दुई दिनसम्म सञ्चालन हुने यस सम्मेलनले लघुवित्त क्षेत्रका उपलब्धि, समस्या तथा चुनौतीहरूबारे गम्भीर समीक्षा गर्दै भावी रणनीति निर्धारण गर्ने अपेक्षा गरिएको छ ।

सम्मेलनको उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले नेपालको गरिबी न्यूनीकरणमा लघुवित्त क्षेत्रले पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गरे । उनले देशव्यापीरूपमा गरिबी दरमा कमी आए पनि दुर्गम क्षेत्रका कतिपय स्थानीय तहमा अझै उच्च दरमा गरिबी कायम रहेकाले लघुवित्त संस्थाले आफ्नो पहुँच ती क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए । उनले कोभिड-१९ पछिको आर्थिक सुस्तता, संस्थागत सुशासनको अभाव तथा बढ्दो निष्क्रिय कर्जालाई लघुवित्त क्षेत्रका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्दै संस्थागत सुधार र वित्तीय अनुशासनमा विशेष ध्यान दिनुपर्ने बताए । साथै, अबको लघुवित्त प्रणाली परम्परागत कर्जा प्रवाहमा सीमित नरही 'क्रेडिट प्लस' मोडेलमार्फत उत्पादनको बजारीकरण र उद्यम विकासमा केन्द्रित हुनुपर्ने धारणा उपाध्यक्ष डा. श्रेष्ठले व्यक्त गरे ।

सम्मेलन आयोजक समितिका अध्यक्ष शंकरमान श्रेष्ठले लघुवित्त संस्थाहरूले आफ्नो भूमिकालाई समयसापेक्ष रूपमा पुनःपरिभाषित गर्नुपर्ने आवश्यकता औंल्याए । उनले लघुवित्त केवल कर्जा प्रवाह गर्ने माध्यम नभई उद्यमशीलता विकासको आधार बन्नुपर्नेमा जोड दिए ।

'हाम्रा सदस्यहरूलाई ऋणीमात्र नभई सक्षम उद्यमीका रूपमा रूपान्तरण गर्न सकेमा उनीहरूको आयस्तर वृद्धि हुनुका साथै संस्थागत दिगोपनासमेत सुनिश्चित हुन्छ,' अध्यक्ष श्रेठले भने । उनले नोबेल पुरस्कार विजेता मोहम्मद युनुसद्वारा प्रतिपादित 'थ्री जिरो' अवधारणालाई लघुवित्त क्षेत्रको मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गर्नुपर्नेमा पनि जोड दिए । त्यस्तै, लघुवित्त क्षेत्रमा देखिँदै आएका बहुबैंकिङ, तथ्यांकीय दोहोरोपनालगायतका विकृतिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उनले यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न नियामक निकाय र सम्बन्धित संस्थाहरूले समन्वयात्मक पहल गर्नुपर्ने आवश्यकता औंल्याए ।

नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले लघुवित्त क्षेत्रलाई थप सुदृढ र प्रभावकारी बनाउन 'लघुवित्त विकास कोष' स्थापना गर्नुपर्ने प्रस्ताव राखे । उनले सरकार तथा अन्तर्राष्ट्रिय विकास साझेदार निकायहरूसँगको सहकार्यमा सहुलियत दरमा स्रोत परिचालन गर्ने व्यवस्था मिलाउन सकेमा विपन्न वर्गले सहजरूपमा कर्जा प्राप्त गर्ने र समग्र अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । अध्यक्ष यादवका अनुसार हाल सञ्चालनमा रहेका लघुवित्त संस्थामार्फत करिब २७ लाख व्यक्तिले कर्जा सेवा लिइरहेका छन् भने कूल कर्जा लगानी करिब पाँच खर्ब रूपैयाँ पुगेको छ । यस क्षेत्रले प्रत्यक्षरूपमा करिब २२ हजारलाई रोजगारी प्रदान गरेको उनको भनाइ छ ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेलले लघुवित्त क्षेत्र मुलुकको वित्तीय प्रणालीको अपरिहार्य अंग भएको स्पष्ट पारे । उनले दुर्गम तथा पहुँचविहीन क्षेत्रमा साना तथा विनाधितो कर्जा उपलब्ध गराउने कार्यमा लघुवित्तको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरे । उनले पछिल्लो समय खराब कर्जा वृद्धि हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै विगतका कमजोरीहरू सच्याउँदै सेवा गुणस्तर अभिवृद्धिमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । नियामक निकायले मर्जर नीति, कर्जा सीमा निर्धारण तथा बहुबैंकिङ नियन्त्रणजस्ता उपायहरू अवलम्बन गरिसकेको जानकारी पनि कार्यकारी निर्देशक पौडेलले दिए ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीले सहकारी क्षेत्रप्रति नकारात्मक धारणा निर्माण गर्ने प्रयासप्रति ध्यानाकर्षण गराउँदै लघुवित्तसम्बन्धी कार्य गर्ने सहकारीहरूले उल्लेखनीय योगदान पुऱ्याइरहेको बताए । उनले सदस्यहरूलाई उद्यमशील बनाउने दिशामा सहकारी र लघुवित्त संस्थाहरूले समन्वयात्मकरूपमा काम गर्नुपर्ने आवश्यकता औंल्याए ।

सम्मेलनअन्तर्गत सात सत्रमार्फत लघुवित्तका विविध आयाममा गहन छलफल तथा अन्तर्क्रिया हुने कार्यक्रम रहेको छ । सदस्यको अनुभव, वर्तमान अवस्था र चुनौती, 'क्रेडिट प्लस' कार्यक्रम, प्रविधिको प्रयोग, युवा स्वरोजगार, मानसिक स्वास्थ्य व्यवस्थापन तथा क्षेत्रगत सुधारका विषयहरूमा विशेषज्ञहरूबीच विचारविमर्श हुने आयोजकले जनाएको छ । स्वावलम्बन विकास केन्द्रले २०७३ सालदेखि प्रत्येक दुई वर्षमा यस्तो सम्मेलन आयोजना गर्दै आएको छ ।

### कर्पोरेट

## नबिल स्वच्छ खानेपानी अभियान सुरू



**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेडले 'नबिल स्वच्छ खानेपानी अभियान' सुरु गरेको छ । विश्व पानी दिवसको अवसरमा आइतबार बैंकका अध्यक्ष निर्वाण चौधरीले 'भर्चुअल' रूपमा १२३ वटा विद्यालयमा एकसाथ उक्त अभियानको शुभारम्भ गरेका हुन् ।

त्यस क्रममा अध्यक्ष चौधरीले उक्त अभियानले विद्यालयमा अध्ययनरत बालबालिकामा शुद्ध खानेपानी उपलब्ध गराउँदै बालबालिकालाई स्वस्थ तथा सुरक्षित वातावरण प्रदान गरेको उल्लेख गरे । 'नबिल बैंकले सुरु गरेको अभियानमार्फत हालसम्म १२३ विद्यालयमार्फत एक लाखभन्दा बढी विद्यार्थीलाई शुद्ध खानेपानी प्रदान गर्न सफल भएका छौं,' उनले भने, 'यो परियोजना सञ्चालन गर्न पाउँदा हामीलाई गर्व छ, आगामी दिनमा यस अभियानलाई अझ प्रभावकारी रूपमा सञ्चालन र विस्तार गरिने छ ।' बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सुरु भएको उक्त अभियान विद्यार्थीको स्वास्थ सुधार, सरसफाइ प्रवर्द्धन र खानेपानीको दिगो पहुँच सुनिश्चित गर्नमा केन्द्रित रहेको जनाएको छ । सरकारी र सामुदायिक विद्यालयमा शुद्ध खानेपानीको व्यवस्थापन गर्ने उद्देश्यले उक्त अभियान सञ्चालन गर्दै आएको बैंकको भनाइ छ ।

## महालक्ष्मी विकास बैंकको देशैभर वित्तीय साक्षरता



**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले देशैभर वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ । बैंकले साताव्यापी रूपमा मनाएको 'ग्लोबल मनी विक-२०२६'को अवसरमा यही चैत २ देखि ८ गते सम्म उक्त कार्यक्रम सम्पन्न गरेको हो । वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरू पहिचान गरी बैंकका देशैभरि रहेका शाखा तथा प्रादेशिक कार्यालयहरूमार्फत वित्तीय साक्षरता, ऱ्याली एवं सचेतना कार्यक्रम गरिएको बैंकले जानकारी दिएको छ ।

अभियानअन्तर्गत बैंकका दरबारमार्ग, हेटौंडा, इटहरी, भैरहवा, विजयपुर पोखरा, वीरगञ्ज, धनगढी, सूर्यपुरा, डडेलधुरा, लाहान, बिचबजार, मंगलसेन, चिप्लेढुंगालगायतका विभिन्न शाखा कार्यालय तथा प्रादेशिक कार्यालयहरूले विद्यार्थी तथा युवाहरूमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्ति विकासका लागि वित्तीय साक्षरताका कार्यक्रम सम्पन्न गरेका छन् ।

'स्मार्ट मनी टक्स भन्ने मूल नाराका साथ देशभरि आयोजना गरिएको कार्यक्रमहरूमा एक हजार जनाभन्दा बढीको सहभागिता रहेको र उक्त कार्यक्रमहरूमा बचत, कर्जा, लगानी, सफा नोट, विद्युतीय वित्तीय सेवाहरू, विप्रेषण, गुनासो सुनुवाइ, वित्तीय सेवाप्रदायक संस्था, धितोपत्र बजार, जोखिम व्यवस्थापन, बिमा, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुहरूमा जानकारी गराइएको बैंकले जनाएको छ ।

## मञ्जुश्रीको साताव्यापी वित्तीय सचेतना कार्यक्रम सम्पन्न

**काठमाडौं (प्रस)-** मञ्जुश्री फाइनान्स लिमिटेडले साताव्यापी कार्यक्रमसहित 'ग्लोबल मनी विक-२०२६' मनाएको छ ।  खफाइनान्सले उक्त अवसरमा आफ्ना देशभरिका शाखाहरूमार्फत विभिन्न सन्देशमूलक कार्यक्रम सम्पन्न गरेको जानकारी दिएको छ ।




'विभिन्न संघसंस्थामा गएर वित्तीय साक्षरतालाई महत्त्व दिँदै विभिन्न वर्गका ग्राहकहरूलाई जानकारी पुऱ्याउने मनसायले आयोजना गरेको कार्यक्रममा विद्यार्थीदेखि कर्मचारीसम्म, गृहिणीदेखि सर्वसाधारणसम्म सहभागी गराई वित्तीय सचेतनाबारे जानकारी गराइएको छ,' संस्थाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

टन्सिलका लक्षणः
- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निम्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने

टन्सिलका लक्षण हुन सक्छन,
यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ